प्रजातन्त्रका आधारभूत पक्षहरू
- संवैधानिक सर्वोच्चता
- बहुलवाद
- प्रतिस्पर्धा
- विधिको शासन
- शक्ति पृथकीकरण
- मौलिक हक
- मानव अधिकार
- पूर्ण प्रेस तथा वाक् स्वतन्त्रता
- सामाजिक न्याय तथा समावेशीकरण
- आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com





निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com



❖ वर्ष ३६ ❖ २०७९ फागुन १९ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 March 03 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १८५


## नारायणी अस्पताल भद्रगोल बन्दै, एमआरआईमा अख्तियारको छानबीन

प्रस, परवानीपुर, १७ फागुन/

नेपाल सरकारको केन्द्रीय अस्पतालको रूपमा रहेको नारायणी अस्पताल, वीरगंजको अवस्था पछिल्लो समय भद्रगोल हुँदै गएको छ। अस्पतालको प्रशासन कमजोर बन्दै गएपछि अस्पताल प्रभावकारी ढङ्गले सञ्चालन गर्न चुनौती थपिएको छ ।



अस्पतालको बहिरङ्ग सेवाको एक्स–रे मेशिन विगत दश दिनदेखि बिग्रिएको छ । जसले गर्दा बिरामीहरू निजी क्लिनिकतर्फ जान बाध्य हुनुपरेको बिरामीहरूले गुनासो गरेका छन् ।

एक साताभन्दा बढी समय भए तापनि एक्स–रे मेशिन मरम्मतसम्भार गरी सुचारु गर्न नसक्दा बिरामीलाई समस्या भइरहेको छ ।

यसैगरी, अस्पतालको प्रयोगशालामा हुने चेकजाँचको सेवामा पनि विगतभन्दा कमी आएको देखिएको छ। पहिले कलेजो परीक्षण, लिपिड प्रोफाइल, थाइराइडलगायतका परीक्षण हुन्थ्यो भने अहिले ती सेवाहरू केमिकल र जनशक्ति अभावका कारण ठप्प भएको अस्पताल स्रोतले जनाएको छ ।

यी चेकजाँच अहिले निजी क्लिनिकको प्रयोगशालामा भइरहेको छ। निजी क्लिनिकका चिकित्सक तथा स्वास्थ्यकर्मीहरूले कमिशन दिने भएकाले यस्तो भइरहेको बुझिएको छ। नारायणी अस्पतालको अर्को समस्या भनेको साढे आठ बजेदेखि पुर्जी काटेका बिरामीहरू साढे ११ बजेपछि मात्र ओपिडीमा चिकित्सकलाई भेट्न पाउँदा उनीहरूले दुःखेसो पोखेका छन् ।

वीरगंज इनर्वाका विजय पटेलका अनुसार बिहीवार पुर्जी काटेको अढाई घण्टा बितेको र बिहान १० बजेदेखि ओपिडीमा चेकजाँच शुरू हुनुपर्नेमा साढे १० बजेपछि मात्र चिकित्सक आएकाले यस्तो रवैयालाई समयमा सुधार गर्नुपर्छ। ओपिडी चलिरहँदा विभिन्न औषधि कम्पनीका एमआरहरू ओपिडीमा पसेर बिरामीहरूलाई बाधा उत्पन्न गर्ने गरेका गुनासाहरू पनि छन् ।

यस्तो हुनुमा चिकित्सक र अस्पताल प्रशासन नै गैरजिम्मेवार देखिन्छन् । चिकित्सकको निजी क्लिनिकमा एमआर जाँदा बाधा उत्पन्न हुने तर नारायणी अस्पतालमैं एमआरको भिजिट भएपछि काम पनि कम गर्न मिल्ने र क्लिनिकको समय सदुपयोग हुने भनेर कतिपय चिकित्सकले निजी क्लिनिकभन्दा सरकारी अस्पतालको ओपिडीमा एमआरलाई बोलाउने गरेका छन् ।

त्यसैगरी, नारायणी अस्पतालको आइसियू, गाइनो एवं बालरोग विभागका शौचालय सफा नभएकाले उपचार गर्न आउने बिरामीहरूलाई समस्या हुने गरेको छ ।

### एमआरआई खरीदमा अनियमितता : अख्तियारद्वारा छानबीन

नारायणी अस्पतालमा जडान भइरहेको एमआरआई मेशिन खरीदमा अनियमितता भएको उजूरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेकोले छानबीन भइरहेको छ ।

पूर्व मेसु वीरेन्द्रलाल प्रधानको पालामा स्वास्थ्य विभागले खरीद गरेको भ्याटबाहेक २८ करोडको एमआरआई अहिले जडान भइरहेको छ । उक्त एमआरआई एक महीनाभित्र सञ्चालन हुने बताइएको छ । तर उक्त एमआरआईमा छ करोडभन्दा बढीको कमिशन एवं अनियमितताको चलखेल भएकोले त्यसको छानबीन भइरहेको बताइएको छ ।

अख्तियारले बुधवार नारायणी अस्पतालमा छापा मारी एमआरआई खरीदसम्बन्धी कागजात र जानकारी लिएको छ। यस विषयमा अस्पतालका प्रवक्ता डा उदयनारायण सिंहले एमआरआई खरीदमा अस्पतालले कुनै भूमिका निर्वाह नगरेको र सबै काम स्वास्थ्य विभागबाट भएकोले आफूहरू दोषी नरहेको बताए। उनले अख्तियारद्वारा माग भएका सबै कागजात लेखेर पठाइएकोसमेत जानकारी गराए ।

लुम्बिनी साइन्सेज काठमाडौंले स्वास्थ्य विभागलाई आपूर्ति गरेको एमआरआई मेशिन श्री टेस्ला ब्रान्डको हो। यसको अन्तर्राष्ट्रिय मूल्य २० देखि २४ करोडभित्र पर्ने भए तापनि सरकारी निकायबाट खरीद भएकोले यसमा करोडौंको घोटाला भएको हुन सक्ने अख्तियारमा दिइएको उजूरीमा दाबी गरिएको छ ।

त्यसैगरी, अस्पतालको सेवा सुविधा र अस्पतालको व्यवस्थापन सम्बन्धमा उठेका विषयमा प्रशासनको बैठक बोलाइ समस्या समाधान हुने बताइएको छ ।

## निजी इन्टरनेट सेवाप्रदायकले टेलिकमको तार काटेको आरोप

प्रस, वीरगंज, १८ फागुन/

निजी क्षेत्रका इन्टरनेट सेवाप्रदायक कम्पनीले आफ्नो ग्राहक बढाउन नेपाल दूरसञ्चार कम्पनीको इन्टरनेटको तार काट्न थालेको समाचार छ ।

नेपाल दूरसञ्चार कम्पनीले कम मूल्यमा गुणस्तरीय इन्टरनेट सेवा दिन थालेपछि निजी क्षेत्रका इन्टरनेट सोवप्रदायक कम्पनीहरूले दैनिक एक दर्जनभन्दा बढी ठाउँमा नेपाल टेलिकमको इन्टरनेटको तार काट्ने गरेको दूरसञ्चारका प्राविधिक नागेन्द्र यादवले बताए ।

उनले सेवा अवरुद्ध भएको भन्दै दैनिक कार्यालयमा फोन आउन थालेपछि आफूहरू आजित भएको बताए। यादवले निजी क्षेत्रका इन्टरनेट तथा नेपाल टेलिकमको इन्टरनेटका तारहरू पोल भएर शहरभरि फैलिएको बताए। निजी क्षेत्रका इन्टरनेट सेवाप्रदायकले दैनिक पोलमा पुगी काम गर्ने र जाने बेला दूरसञ्चारको तार काट्ने गरेको यादवको आरोप छ ।



नेपाल टेलिकमको इन्टरनेटको तार काटिएको अवस्था। तस्वीरः प्रतीक

वीरगंजलगायत आसपासका क्षेत्रमा धेरैवटा निजी क्षेत्रका इन्टरनेट सेवाप्रदायकको तार एउटै पोलमा रहेकाले उनीहरूको कारण दैनिक लाखौं रुपियाँको क्षति भइरहेको यादवले बताए । चाँडै नेपाल प्रहरीसँग समन्वय गरी कारबाई प्रक्रिया अगाडि बढाउने नेपाल दूरसञ्चार कम्पनीले तयारी गरिरहेको यादवले बताए।

## शारीरिक अशक्तता भएकाहरूलाई ह्वीलचेयर वितरण

दिनेश मिश्र, वीरगंज, १७ फागुन/

परिवर्तन नेपाल वीरगंजको सहजीकरणमा पर्साका विभिन्न ठाउँका शारीरिक अपाङ्गता भएका व्यक्तिहरूलाई ह्वीलचेयर प्रदान गरिएको छ । विन्ध्यवासिनी गापा–३ सानो इटियाहीका ६० वर्षीया महिला र वडा नं ५ बहुअर्वाका १८ वर्षीय रामप्रसन्न रामलाई ह्वीलचेयर प्रदान गरिएको हो ।




संस्थाका अध्यक्ष रणाधीर वर्णवालको सक्रियतामा गरीब, असहाय, शारीरिक अशक्तता भएका व्यक्तिहरूलाई ह्वीलचेयर वितरण गरिएको थियो । कार्यक्रममा संस्थाका कोषाध्यक्ष सुशील पटेल, सञ्चालन प्रमुख अतुल पटेल, व्यवस्थापक सोनु पटेल, सदस्य नीतु यादव, पारस बैठा, वडाध्यक्षद्वय मुक्तिनाथप्रसाद कुर्मी, जयप्रकाश चौरसियालगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण उपप्रमुख ज्योति चौरसियाले गरेकी थिइन् ।

## पाँचौं जिल्लासभा तीनजना सदस्यद्वारा बहिष्कार

प्रस, रौतहट, १८ फागुन/

जिल्ला समन्वय समिति, रौतहटको पाँचौं जिल्लासभा समितिका तीनजना सदस्यले बहिष्कार गरेका छन् ।

समन्वय समितिका प्रमुख रामअयोध्याप्रसाद यादव र समन्वय अधिकारी ओमप्रकाश यादवले मनपरी ढङ्गले कोषको रकम बाँडफाँड गरेको आरोप लगाउँदै जिल्ला समन्वय सदस्य मोजामिल आलम, अशोककुमार झा र इन्दुदेवी बैठाले जिल्लासभा बहिष्कार गरेका हुन् ।

वर्षौंदेखि कोषको खातामा जम्मा रहेको रकम आफूखुशी बाँडेको उनीहरूको आरोप छ । समन्वय अधिकारी यादवलाई रकम भागबन्डा नगर्न आग्रह गर्दासमेत विनियोजनमा परेकोमा दुःख लागेको उनीहरूले बताए।

## हर्न निषेधित क्षेत्र बनाउन प्रहरीको अनौठो प्रचारशैली

प्रस, वीरगंज, १८ फागुन/

वीरगंज महानगर क्षेत्रलाई ध्वनि प्रदूषण निषेधित क्षेत्र बनाउन पर्सा प्रहरी लागिपरेको छ । योजना तथा कार्यक्रम सराहनीय भएपनि प्रचारप्रसारको पद्धति ठीक नभएको स्थानीयले बताएका छन् ।

केही दिनदेखि महानगरका घण्टाघर, माईस्थान, आदर्शनगर, मकालु चोक, रजतजयन्ती, बसपार्क, प्रतिमाचोक, गण्डकलगायत स्थानमा एकजना प्रहरी 'नो हर्न'को प्लेकार्ड बोकेर उभिने गरेका छन् ।

हर्न निषेधित क्षेत्र बनाउन पर्सा प्रहरीले अँगालेको प्रक्रियाप्रति नगरवासीहरूको चित्त बुझेको छैन। चर्को घाममा चोकचोकमा एकजना प्रहरी उभिएर 'नो हर्न' प्लेकार्ड देखाउने गर्दा आफूहरू अपमानित महसूस गर्ने गरेको एकजना प्रहरी अधिकृतले प्रतिक्रिया दिए।




घण्टाघर चोकमा नो हर्न प्लेकार्ड बोकेका प्रहरी। तस्वीरः प्रतीक

तुल, ब्यानर र सचेतना कार्यक्रम गरी यस अभियानलाई सफल बनाउन सकिने उनले बताए ।

यस विषयमा जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक गिरीले प्रहरी उपरीक्षक कोमल शाहसँग समन्वय गरी अन्य सचेतना कार्यक्रम गर्ने बताए ।

## खैरो हेरोइनसहित दुईजना पक्राउ

प्रस, वीरगंज, १८ फागुन/

जिल्ला प्रहरी कार्यालय, पर्साले खैरो हिरोइनसहित दुईजनालाई पक्राउ गरेको जनाएको छ ।

मङ्गलवार वीरगंज महानगरपालिका–१६ शङ्कराचार्यद्वारबाट वडा प्रहरी कार्यालय, बिर्ता र लागूऔषध नियन्त्रण ब्युरो, पर्साबाट खटिएको संयुक्त प्रहरी टोली चेकजाँच गर्ने क्रममा भारत, रक्सौलबाट वीरगंजतर्फ पैदल आइरहेका भारत, पश्चिम बङ्गाल, माल्दा निवासी २९ वर्षीय महमद नायम शेखलाई पक्राउ गरेको प्रहरीले जनाएको छ ।

शेखको साथबाट तीन सय ग्राम खैरो हिरोइन बरामद भएपछि प्रहरीले अनुसन्धान गर्ने क्रममा र गोरखा, घार्चे गापा–६ घर भई काठमाडौं–२६ बस्ने २४ वर्षीय सुरेश घलेले उक्त हेरोइन मगाएको प्रहरीले जनाएको छ। प्रहरीले लागूऔषध अनुसन्धान ब्युरो, कोटेश्वरसँग समन्वय गरी घलेलाई पक्राउ गरेको जिप्रका, पर्साले जनाएको छ ।

पक्राउ परेका दुवैजनालाई पर्सा जिल्ला अदालतबाट म्याद थप गरी लागूऔषध मुद्दामा थप अनुसन्धान भइरहेको जिप्रका, पर्साका प्रवक्ता तथा सूचना अधिकारी दीपक गिरीले बताए ।



तस्वीरः सौजन्य

## विचारसार र सूक्तिहरू

**युद्धमा हजार मानिसमाथि विजय प्राप्त गर्न सकिन्छ, तर जसले आफूमाथि विजय प्राप्त गर्दछ उही सबैभन्दा ठूलो विजयी हो ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com

# डढेलो लगाइन्छ

**मध्य फागुनमैं महोत्तरीको वनक्षेत्रमा जताततै डढेलो लागेको छ। यसपालि हिउँदभरि पानी नपरेकोले डढेलो चाँडै फैलिएको हो। अवस्था जेसुकै भएपनि वनजङ्गलमा डढेलो लाग्ने मुख्यत: दुई कारण छन् । प्राकृतिक र मानवीय कारण तर हाम्रो मुलुकमा अधिकांश मानवीय कारणले डढेलो लाग्ने गरेको पाइन्छ। प्राकृतिक कारण भनेको हावा चल्दा बोटबिरुवाको आपसी घर्षणबाट वा सुक्खा पहिरोको बेला चट्टानहरू ठोक्किंदा आगोको झिल्को निस्किने र त्यही झिल्कोबाट आगो बनेर डढेलो लाग्ने हो। महोत्तरी क्षेत्रको डढेलो मानवीय कारणले लागेको भन्नेमा द्विविधा छैन। महोत्तरीको मात्रै होइन, अहिले तराई/मधेसका अधिकांश वनमा डढेलो शुरू भएका छन् । पहाड र हिमाली क्षेत्रमा पनि डढेलो शुरू भएका खबरहरू आइरहेका छन् ।**

**जङ्गल प्रवेश गर्ने गोठालो, दाउरे, घाँसी र शिकारीहरू ढलेकोका मुख्य कारक हुन्। उनीहरू कतिपयले जानाजान त कतिपयले अनजानमा नै डढेलो लगाउने गरेका छन्। गोठालो वा बटुवाले चुरोट, बिंडी सल्काएर फालेको आगो, शिकारीले खाना पकाएर खाएका चुलोबाट आगो सल्कन्छ। त्यसैगरी, झाडी सफा गर्न र नयाँ घाँस–च्याउ पलाओस् भन्ने सोचले पनि आगो लगाउने गरेको पाइएको छ । जङ्गलमा डढेलो लगाउन आगो बोकेरै जानुपर्छ भन्ने छैन । निहत्था मानिस प्रवेश गरे पुग्छ । आगो पर्ने जस्तै लामपाते जातका काठ आपसमा केही समय घर्षण गराउने बित्तिकै आगो पर्छ । त्यसैगरी, कडा र तलछट अर्थात् पत्रे चट्टान एकापसमा ठोक्यो भने आगो पर्छ। भनाइको अर्थ के हो भने जङ्गल प्रवेश गर्ने मानिसको शरीर चेकजाँच गरेर मात्रै डढेलो नियन्त्रण हुन सक्दैन। डढेलोविरुद्ध चेतना अभिवृद्धिसँगै अपराध गर्नेविरुद्ध कडा निगरानी र कारबाई हुनुपर्छ । महोत्तरीको बर्दिबास नगर क्षेत्रभित्र चार सबडिभिजन वन कार्यालय छन्। यहाँ सशस्त्र वन सुरक्षा कार्यालय पनि छ। यसबाहेक सागरनाथ वन विकास परियोजनाको कार्यालय र पोस्ट पनि छ। तर डढेलो सोही क्षेत्रभित्र हरेक वर्ष दन्किने गरेको छ। यसबीचमा डढेलो लगाउनेहरू समातिएको रेकर्ड छैन। कुनै वर्ष त डढेलो बस्तीसम्म आइपुग्ने गरेका छन्। यहाँ जैविक विविधताबारे सर्वसाधारण अचेतन देखियो भने वन सुरक्षा निकायका कर्मचारीहरू संरक्षणभन्दा पनि ‘सरकारी काम कहिले जाला घाम’को मानसिकतामा देखिए ।**

**हाम्रो वनजङ्गलमा हरेक वर्ष डढेलो लाग्ने अनुपात बढ्दै गएको छ। गृह मन्त्रालयको स्रेस्ता अनुसार आव २०७४/७५ मा मुलुकभर ११७५ वटा डढेलो लागेका थिए। २०७५/७६ मा यो सङ्ख्या बढेर ३२४३ मा पुग्यो। आव २०७६/७७ मा उल्लेखनीयरूपमा घटेर ६४६ रहेको देखिए पनि २०७७/७८ मा एक्कासि बढेर ६७७९९ वटा डढेलाका घटना भए । डढेलोले वनस्पति तथा वन्यजन्तुहरू र माटो, ढुङ्गा तथा वातावरणलाई प्रत्यक्ष वा अप्रत्यक्षरूपमा असर पुऱ्याइरहेको हुन्छ। यसले वनजङ्गलका काठ, दाउरा, घाँस एवं गैरकाष्ठ वन पैदावारलाई नोक्सान गर्छ। ससाना बिरुवा मर्ने, वनको पुनरुत्पादनमा ऱ्हास आउने हुँदा जैविक विविधतामा ऱ्हास आउँछ। यसले वायुमण्डलीय प्रदूषण, वर्षाको अनियमितता, जलवायु परिवर्तन, पारिस्थितिकीय प्रणालीमा असर पुऱ्याउँछ। फलस्वरूप अन्नबाली उत्पादन र मानव स्वास्थ्यमा गम्भीर असर पुऱ्याउने गर्छ। यसलाई बुझ्न र बुझाउन नसक्दा हरेक वर्ष डढेलो लाग्ने होइन लगाउने गरिएको छ।**

# एमाले–माओवादी सहकार्यको पटाक्षेप

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

**एउटै गठबन्धनमा रहेर तथा सबैजसो मुख्य पदको नेतृत्व हात पारिसक्दा पनि ओलीको महत्त्वाकाङ्क्षामा कमी आएको थिएन । यही महत्त्वकाङ्क्षाले आज पार्टी सरकारबाट बाहिर भएको छ । एमाले र माओवादीको सहकार्यको जग निकै कमजोर थियो ।**

नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीचको सम्बन्धमा एकता र मिलापभन्दा एकअर्काप्रति आशङ्का र विश्वास नै बढी देखिन्छ। नेकपा एमालेका अध्यक्ष केपीशर्मा ओली आवश्यकताभन्दा बढी चलाख हुन्। सम्भवत: यिनै कारणले होला उनले नेपालको राजनीतिमा बढी मित्र कमाउन सकेका छैनन्। विगत डेढ दशकमा उनले नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’लाई जतिपटक कमजोर बनाउने प्रयास गरे त्यतिपटक उनी स्वयं नै असफल साबित भए । प्रचण्डकै सहयोग र समर्थनबाट उनी दुई–दुइपटक नेपालको प्रधानमन्त्री बन्न सफल भए तर प्रचण्डसित गरेका सहमतिको इमानदारीपूर्वक कार्यान्वयन गर्न अन्यमनस्कता देखाउँदा प्रचण्डकै असहयोगका कारण पदबाट हट्नु पनि परेको हो। तेस्रोपटक पनि नेकपा एमाले सङ्घीय सरकारबाट बाहिरिनुको मुख्य कारण प्रचण्डकै असहयोग हो । एमाले अध्यक्ष ओलीले आफूलाई जतिसुकै चतुर र दूरदर्शी ठान्ने प्रयास गरे पनि यथार्थमा उनीभन्दा दोब्बर चतुर र सफल राजनीतिक खेलाडी प्रचण्ड नै साबित भएका छन् । समकालीन नेपाली राजनीतिको अवस्था हेर्दा पञ्चतन्त्रमा विष्णु शर्माले लेखेका ‘धूर्त स्याल र बकुला’को कथा स्मरण हुन आउँछ ।

कथा अनुसार धूर्त श्यालले आफ्नो बकुला मित्रलाई अपमानित गर्ने कुनै पनि अवसर आफ्नो हातबाट जान दिँदैनथ्यो। यसै क्रममा एक दिन बकुलालाई उसले आफ्नो घरमा निम्तो दिई बोलायो । चाक्लो थालमा मासुको झोलमात्रै पस्केर उसले बकुलालाई खान आग्रह गऱ्यो । लामो चुच्चोका कारण थालमा पस्केको झोल खानु बकुलालाई सहज थिएन । बिचरा बकुला भोकै फर्क्यो । खिल्ली उडाउँदै स्यालले आफ्ना मित्र बकुलासित परिकारको स्वादबारे सोधेको रहेछ । बकुलाले पनि अपमानको बदला लिन जुक्ति निकाल्यो र स्याललाई निम्तो दिई घर बोलायो। खानेबेलामा सुराहीमा मासु राखेर खान दिएछ । जतिसुकै प्रयास गरे पनि स्यालले खान सकेन। लज्जित भएर भोकै फर्केको स्याललाई आफ्नो गलतीको अनुभूति भएछ । यसबाट के पनि सिक्न सकिन्छ भने अरूबाट राम्रो व्यवहारको अपेक्षा राख्नेले स्वयं पनि अरूसित राम्रो व्यवहार गर्नुपर्छ ।

नेकपा एमाले र नेकपा माओवादी केन्द्रको विगत डेढ दशकको राजनीतिक सम्बन्धलाई नियालेर हेर्ने हो भने नेकपा एमालेमाथि विश्वास गरेर माओवादी केन्द्रले सरकार गठनको निम्ति सहयोग गर्दै आएको हो तर नेकपा एमालेका अध्यक्ष केपी शर्मा पटक–पटक सहमति पालना गर्न हच्के। फलस्वरूप उनी स्वयं सत्ताच्युत भए। नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको यस विशिष्ट राजनीतिक गुणको प्रशंसा त गर्नैपर्छ कि उनले दुई–दुईपटकसम्म नेकपा एमालेका अध्यक्ष केपीशर्मा ओली र नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउन सहयोग र समर्थन गरेका थिए तर प्रचण्डले आफ्नो सहयोग र समर्थन फिर्ता लिंदा दुवै नेताले प्रधानमन्त्री पदबाट हट्नु पनि पऱ्यो। यति मात्र होइन, नेकपा माओवादी केन्द्रसित सहकार्य र सहयात्राका कारण नेकपा एमालेले चार–चारवटा प्रादेशिक सरकारको नेतृत्व पनि २०७४ र २०७९ मा हात पार्न सफल भएको हो तर माओवादी केन्द्रले समर्थन फिर्ता लिने बित्तिकै एमाले सत्ताबाट बाहिरिने अवस्था सिर्जना भयो। यसपालि नेकपा एमालेले नै हतारहतारमा आफ्नो समर्थनलाई थालमा पस्केर नेकपा माओवादी केन्द्रका अध्यक्षसमक्ष पुगेको थियो। माओवादी केन्द्रसित पद र सत्ताको भागबण्डा पनि हानिकारक थिएन, तर राष्ट्रपतिको पद पनि आफ्नै मान्छेले पाउनुपर्ने नेकपा एमालेको अध्यक्षको हठले उनलाई प्रतिपक्षमा पुऱ्याएको छ। कथम्कदाचित दुई वर्षसम्म गैरएमाले सरकारले देशको शासन व्यवस्था चलाउने अवसर प्राप्त गऱ्यो भने नेकपा एमाले पार्टीभित्र पनि आन्तरिक कलह उत्पन्न हुन सक्नेछ किनभने सत्ताभन्दा बाहिर बस्ने चरित्र र संस्कार हाम्रो देशको राजनीतिबाट विलीन हुँदै गएको छ। यस्तो परिस्थितिमा प्रतिपक्षमा धेरै लामो समयसम्म बस्नै सकिन्न। जब–जब नेकपा एमालेले, नेकपा माओवादी केन्द्रसित सहकार्य गरेको छ अनि ऊ सरकारको नेतृत्व हात पार्न सफल भएको छ तर जब–जब माओवादीको उपेक्षा गर्न खोजेको छ स्वयं नै घाटा सहनुपरेको छ। राष्ट्रपति पदको निर्वाचनमा हठ नगरेको भए अहिले पनि गठबन्धन सरकारको मुख्य साँचो एमालेकै हातमा हुने थियो तर सबैथोक पाउने लोभमा उसले धेरै थोक गुमाएको छ ।

झन्डै १७–१८ वर्षपछि सरकारमा सहभागी हुने अवसर प्राप्त गरेको राप्रपाले सरकारबाट बाहिरिनुको कारण बुझ्न सकिएन । सम्भवत: उसले पनि आफ्नो उम्मेदवारलाई राष्ट्रपति बनाउन खोजेको थियो, तर सम्भव नभएपछि सरकारबाट बाहिरिएको हुन सक्दछ । त्यसबाहेक सरकारमा सामेल उसका एकजना मन्त्रीको नाम पनि पटक–पटक विवादमा आउने गरेको थियो । दुवै दलले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि सरकारसामु नैतिक सङ्कट उत्पन्न भएको छ ।

नेकपा एमाले तथा राष्ट्रिय प्रजातन्त्र पार्टीले प्रचण्ड सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले राजनीतिक नैतिकताको हिसाबले प्रतिनिधिसभामा अब विश्वासको मत लिनु आवश्यक भएको छ। नेपालको संविधानको धारा १०० को उपधारा (२) अनुसार प्रधानमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा तीस दिनभित्र विश्वासको मत प्राप्त गर्नका लागि प्रतिनिधिसभासमक्ष प्रस्ताव राख्नुपर्नेछ भन्ने उल्लेख छ । उपरोक्त संवैधानिक व्यवस्था अनुसार विश्वासको मत प्राप्त गर्नु प्रधानमन्त्रीको निम्ति राजनीतिक नैतिकताको विषय हुन आउँछ। सोझो गणितका हिसाबले त प्रतिनिधिसभामा सरकारसित ९८ प्रतिशत जति सांसदको समर्थन प्राप्त छ। जसमध्ये नेकपा एमालेको ७९ र राप्रपाको १४ सांसदको समर्थन फिर्ता भएमा पनि सरकारसित १७९ सांसदको समर्थन प्राप्त छ। प्रधानमन्त्री दाहालले चाहेमा विश्वासको मत नलिन पनि सक्छन् । राष्ट्रपति निर्वाचनपश्चात् सम्भवत: प्रधानमन्त्रीले विश्वासको मत लिने निश्चितजस्तै छ ।

नेपालको राजनीतिक वृत्तमा यो विषय निकै चर्चामा आउने गरेको पाइन्छ कि प्रधानमन्त्री नियुक्त भएको पहिलो दुई वर्षसम्म र प्रतिपक्षी दलले राखेको अविश्वासको प्रस्ताव असफल भएको एक वर्षभित्र अविश्वास प्रस्ताव पेश गर्न सकिने छैन। संविधानका प्रावधानहरूको व्याख्या गर्ने अधिकार कानूनका विज्ञहरूलाई त छ नै, तर सबैभन्दा बढी राजनीतिकर्मीहरू नै आफूखुशी यसको व्याख्या गर्ने गर्दछन्। हुनत संविधानको अन्तिम व्याख्या गर्ने अधिकार त सर्वोच्च अदालतलाई मात्रै रहेको छ ।

संविधानको धारा १०० अनुसार प्रधानमन्त्रीले कुनै पनि बखत आफूमाथि प्रतिनिधिसभाको विश्वास छ भन्ने कुरा स्पष्ट गर्न आवश्यक वा उपयुक्त ठानेमा विश्वासको मतका लागि प्रतिनिधिसभासमक्ष प्रस्ताव राख्न सक्नेछ भन्ने उल्लेख छ। प्रधानमन्त्री दाहाल यसर्थ पनि विश्वासको मतको लागि प्रस्ताव गर्न सक्नेछन् । प्रधानमन्त्री दाहाललाई विश्वासको मत लिन समस्या हुनेछैन ।

नेकपा एमाले नेतृत्वको सुदूरपश्चिमको सरकार तीस दिनभित्रै पतनको शिकार भएपछि त्यहाँबाट नेपाली काङ्ग्रेस सत्तारुढ भएको छ। अब नेकपा एमाले अन्य तीनबाट प्रादेशिक सरकारको नेतृत्व गुमाउन पनि तयार रहनुपर्छ । त्यसबाहेक राष्ट्रिसभाका अध्यक्ष तथा संवैधानिक निकाय एवं राजनीतिक नियुक्ति गुमाउने पालो आउने छ। एउटै गठबन्धनमा रहेर तथा सबैजसो मुख्य पदको नेतृत्व हात पारिसक्दा पनि ओलीको महत्त्वाकाङ्क्षामा कमी आएको थिएन। यही महत्त्वकाङ्क्षाले आज पार्टी सरकारबाट बाहिर भएको छ। एमाले र माओवादीको सहकार्यको जग निकै कमजोर थियो। दुवैलाई एक अर्कामाथि विश्वास थिएन। आशङ्का र अविश्वासको धरातलमा टिकेको मित्रताको आयु लामो हुनै सक्दैन। आखिर एमाले र माओवादी सहकार्यको दु:खद पटाक्षेप भएरै छाड्यो।

# शुरू भयो जोगिराको रौनक

–सञ्जीतकुमार मण्डल

जलेश्वर, १८ फागुन/रासस

‘जोगिरा सरररर, जोगिरा सरररर।’





‘मिथिला में राम खेलैय होली, मिथिला में । मिथिला में हो, मिथिला में हो, मिथिला में।’ हाँ मिथिला में राम खेलैय होली, मिथिला में । ‘किनका के सोभे पियरी पीतम्बर, किनका के हाथ अबीर झोली। मिथिला में ?’ ‘सीताजीके सोभे पियरी पीतम्बर, रामजीके हाथ अबीर झोली। हो मिथिला में, मिथिला में राम खेलैय होली, मिथिला में।’

‘जोगिरा सरररर, जोगिरा सरररर...।’ ‘रङ्ग बरसे भिगे चुनरवाली रङ्ग बरसे, हो, रङ्ग बरसे भिगे चुनरवाली रंगबरसे’ यी माथि उल्लिखित लोकभाका (जोगिरा)हरू तराई–मधेसमा होली आगमनको लोकभाका हो । तराई–मधेसमा अहिले होली पर्वको एक साता मात्रै बाँकी रहँदा साँझ पर्नेबित्तिकै गाउँ गाउँमा डम्फु, झ्याली, ढोल, तासा र मृदङ्गलगायत बाजाहरू बज्न थालेको छ भने चारैतिर जोगिरा (होली गीत) का धुनहरू सुनिन थालेको छ। होली पर्वको उत्साह र उमङ्गले उमेरको समेत ख्याल नगरी जलेश्वर नगरपालिका–८ बजराही गाउँ बस्ने ७५ वर्षीय रामबाबू चौधरी दुई/तीन दिनदेखि साँझ पर्नेबित्तिकै गाउँको उत्तरवारी टोलबाट हातमा डम्फू र झ्याली समातेर गाउँको चोकमा पुग्ने गर्छन् । त्यसैगरी गाउँको पछियारी टोलबाट ७० वर्षीय अरुण पाण्डे, पूर्वारीटोलबाट ६० वर्षीय रामदेव महरा र दक्षिणवारी टोलबाट ५५ वर्षीय पवित्तर साहसहित थुप्रै मानिस आआफ्ना घर टोलबाट आएर चोकमा जम्मा हुने गर्दछन् ।

उमेरले पाका र कतिपय त राम्ररी हिंडडुल गर्न नसक्ने भए पनि उनीहरू गाउँको चारै दिशाबाट गाउँकोबीच चोकमा कुनै सभा, सम्मेलन, बैठक, बहस वा छलफल गर्नका लागि जम्मा हुँदैनन्। बरु आपसी भाइचारा, प्रेम, सद्भाव, सुखदु:ख साटासाट गर्न र पुस्तौंदेखि चल्दै आएको जोगिराको संरक्षण र प्रवर्द्धनका लागि छलफलमा जुट्ने गरेका छन् । जिल्ला सदरमुकाम जलेश्वरमा अवस्थित बाबा जलेश्वरनाथको मन्दिरदेखि मात्रै ५०० मिटरको दूरीमा उत्तरपट्टी रहेको सानो गाउँ बजराहीमा साँझ पर्नासाथ मनलाई मुग्ध बनाउने जोगिरा (होलीका गीत) सुनिन थालेको छ । होलैयाहरू (जोगिरा गाउँनेहरू) एकै स्वरमा लय हालेर सबैले गाएको जोगिरा सुन्दा बजराही गाउँको टोलटोलमा आआफ्ना

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४८

# अर्थ - उद्योग - वाणिज्य

## आर्थिक विकासको शर्त : सकारात्मक सामाजिक मनोवविज्ञान

अर्थविशेष

विश्वराज अधिकारी
akoutilya@gmail.com

**हाम्रो देशमा जनताको चेतनाको स्तर उच्च भएको भए एउटै व्यक्ति पाँचपटक प्रधानमन्त्री हुने स्थिति आउने थिएन । पाँचपटकसम्म प्रधानमन्त्री भएको व्यक्तिले आजीवन प्रधानमन्त्री हुने (सत्ता र शक्तिमा हुने) आकाङ्क्षा राख्ने थिएन ।**

अर्थशास्त्रीहरूले आर्थिक विकासका लागि नयाँनयाँ मोडेल तयार पार्छन्। आर्थिक विकासका लागि ती मोडेलले सहयोग पुऱ्याउने विश्वास पनि गर्छन्। अर्थशास्त्रीहरूका ती सोच–मोडेलहरूले काम पनि गर्छ । तर यी सबै कुरा विकसित राष्ट्रहरूको लागि हो। विकसित राष्ट्रमा नागरिकको चेतनाको स्तर ज्यादै उच्च हुने हुनाले अर्थशास्त्रीहरूका आर्थिक मोडेलहरूले प्रभावकारी किसिमले काम गर्न पाउँछन्। ती मोडलेहरूले सकारात्मक परिणाम पनि दिन्छन्। मोडेलहरूले देश र जनताको आर्थिक अवस्थामा सुधार ल्याउँछन् । देश धनी र विकसित हुन पुग्छ । फ्रान्स, ब्रिटेन, जर्मनी, निदरल्यान्ड्स, डेनमार्क, नर्वे, स्वीडेन, अमेरिका धनी भएभैं ।

केही युरोपेली राष्ट्रहरूले साझा बजारको अवधारणा विकास गरे। युरोपेली युनियन (साझा बजार) स्थापना गरे । युरोपेली युनियनका सदस्य राष्ट्रहरूको सङ्ख्या अहिले २८ छ। यो युनियनको सहयोगबाट सदस्य राष्ट्रहरूले आआफ्नो देशभित्र व्यापारको विकास गरेका छन् । राम्रो आर्थिक फाइदा उठाइरहेका छन् । तर यस्तै उद्देश्यले स्थापना भएको सार्क (SAARC– South Asian Association for Regional Co-operation) ले यस क्षेत्रको जनताको आर्थिक विकासमा केही गर्न सकेको छैन। निकम्मा भएको छ। भारत–पाकिस्तान शत्रुतापूर्ण सम्बन्धले गर्दा यो सङ्गठन अर्थहीन बन्न पुगेको छ । भारत र पाकिस्तानबीचको सम्बन्ध किन खराब छ भन्ने कुरा सर्वविदित नै छ ।

यदि समग्रतामा कुरा गर्ने हो भने संसारभरि, पूर्वको तुलनामा पश्चिमका देशका जनतामा चेतनाको स्तर ज्यादै उच्च छ । महत्त्वपूर्ण र मानव–जीवन उपयोगी खोज, अनुसन्धान, आविष्कार पश्चिमका राष्ट्रहरूमा हुनुले पनि यस कुराको पुष्टि गर्छ । अफ्रिकी मुलुकका जनतामा पनि चेतनाको स्तर ज्यादै दयनीय छ। दक्षिण अफ्रिकी राष्ट्रहरूमा चेतनाको स्तरको कुरा गर्दा रवान्डामा भएको त्यो डरलाग्दो जातीय सफाया वा नरसंहार तत्काल दिमागमा आइपुग्छ।

विकासशील राष्ट्रमा आर्थिक विकासका नयाँनयाँ मोडेलहरूले काम गर्न पाउँदैन। विकासशील राष्ट्रमा जनताको चेतनाको स्तर ज्यादै दयनीय हुन्छ । जनताको चेतानको स्तर न्यून भएको हुनाले उसले छनोट गर्ने राजनीतिक नेता वा नेतृत्वकर्ता पनि अक्षम, अयोग्य, स्वार्थी हुन्छन्। नेताहरूमा शिक्षा, अनुभव, ज्ञान आदिको अति अभाव हुन्छ। सामाजिक दायित्व वहन गर्नुपर्छ भन्ने भावना पटक्कै हुँदैन। विकासशील राष्ट्रहरू गरीब हुनुको प्रमुख कारण नै जनतामा चेतनाको स्तर न्यून हुनु हो । जनचेतनाको स्तर न्यून भएको कारणले नै विकासशील राष्ट्रहरूले वर्षौं सङ्घर्ष गर्दा पनि आफ्नो मुलुकलाई गरीबीको कुचक्रबाट बाहिर ल्याउन सकेका छैनन्। नयाँनयाँ आर्थिक मोडेलहरूले काम गर्न सकेका छैनन् ।

गरीबीको कुचक्र के हो त्यसबारे छोटो चर्चा गरौं । जनतामा चेतनाको स्तर कमजोर भएकोले उसले आफ्नो स्वार्थका लागि वा अज्ञानताले गर्दा अक्षम नेतृत्व चयन गर्छ। अक्षम नेतृत्व सत्ता र शक्तिमा पुग्छ । उसले केवल आफ्नो हित र आफूलाई फाइदा हुने कार्य मात्र गर्छ । आफ्ना महत्त्वाकाङ्क्षाहरू मात्र पूरा गर्छ। राज्यको स्रोत तथा साधनको भरपूर उपयोग केवल आफ्नो स्वार्थ पूर्तिको लागि गर्छ। राज्यका साधनहरूको दुरुपयोग प्रचुर मात्रामा गर्छ । यसरी जनताद्वारा निर्वाचित त्यो नेतृत्वले जनता र देशलाई धनी त पार्दैन नै, उल्टो गरीब पार्छ। राष्ट्रले असल नेतृत्व नपाउँदा देश धनी हुनुको साटो उल्टो गरीब हुन पुग्छ। देश गरीब भएपछि उसले आफ्ना नागरिकलाई असल शिक्षा, सूचना, जानकारी, संस्कृति दिन सक्तैन। असल शिक्षा, जानकारी, संस्कृतिको अभावमा जनताको चेतनाको स्तर दयनीय हुन पुग्छ। चेतनाको स्तर दयनीय हुँदा जनताले पुनः अक्षम नेतृत्व चयन गर्छ । अक्षम नेता पुनः शक्ति र सत्तामा पुग्छ । अक्षम नेतृत्वले पुनः देश र जनतालाई गरीब पार्ने कार्य गर्छ। यसरी कुनै पनि राष्ट्रमा गरीबीको कुचक्रले कार्य गर्छ। गरीबीको कुचक्र भनेको एउटा खास स्थिति हो। एउटा खास समयमा पश्चिमका राष्ट्रहरू आफ्नो देशभित्र रहेको गरीबीको कुचक्र तोड्न सफल भए। पूर्वका देशहरूले भने तोड्न सकेका छैनन् ।

संसारमा त्यस्ता धेरै देश छन् जो गरीबीको कुचक्रभित्र परेका छन्। दक्षिण अमेरिकाको ग्वाटेमाला, होन्डुरस, अल्साल्भाडोर आदि राष्ट्र हुन् वा अफ्रिकाका नाइजेरिया, सुडान, सोमालिया, कंगो, रवान्डा, माली आदि सबै गरीबीको कुचक्रभित्र परेका छन्। एशियाका अफ्गानिस्तान, पाकिस्तान, नेपाल, भारत, बर्मा आदि राष्ट्र पनि गरीबीको कुचक्रमा परेका छन् ।

अफगानिस्तानको कुरा गरौं । अफगानिस्तान यस किसिमले गरीबीको कुचक्रमा परेको छ कि यो राष्ट्र आउने पचास वर्षसम्म यसबाट बाहिर आउने सम्भावना देखिंदैन । अहिलेको युगमा शिक्षालाई आर्थिक, सामाजिक र राजनीतिक विकासको सर्वाधिक महत्त्वपूर्ण कारक मानिन्छ । अर्थात् शिक्षाद्वारा नै सामाजिक रूपान्तरण गर्न सकिन्छ। तर अफगानिस्तान मात्र यस्तो देश हुन पुगेको छ, जसले महिला शिक्षाको विरोध गर्छ । महिलाहरूलाई स्कूल, कलेज, विश्वविद्यालय जान दिंदैन । शिक्षालय जान खोज्ने महिलाहरूलाई दण्डित गर्छ, ज्यान लिने धम्की दिन्छ। अफगानिस्तानको जनताको चेतनाको स्तर दयनीय भएको हुनाले नै अक्षम समूहको हातमा देशको नेतृत्व रहन पुगेको छ ।

आफ्नै देशको कुरा गरौं–हाम्रो देशमा जनताको चेतनाको स्तर उच्च भएको भए एउटै व्यक्ति पाँचपटक प्रधानमन्त्री हुने स्थिति आउने थिएन । पाँचौंपटक प्रम भएको व्यक्तिले आजीवन प्रम हुने (सत्ता र शक्तिमा हुने) आकाङ्क्षा राख्ने थिएन।

अमेरिकामा कुनै व्यक्ति दुईपटक राष्ट्रपति भएमा तेस्रोपटक राष्ट्रपति हुन नपाउने व्यवस्था छ । साथै राष्ट्रपति भइसकेको व्यक्तिले राष्ट्रिय राजनीतिबाट सन्न्यास लिने वा निष्क्रिय हुने चलन छ। अझै अमेरिकामा राष्ट्रपति भइसकेका व्यक्तिहरू राजनीतिबाट सदाका लागि बिदा भएर समाजसेवामा लाग्ने परम्परा छ। जस्तै पूर्व अमेरिकी राष्ट्रपति जिम्मी कार्टरले 'कार्टर सेन्टर' स्थापना गरेर समाजसेवा गरिरहेका छन् भने पूर्व अमेरिकी राष्ट्रपति बिल क्लिन्टनले 'क्लिन्टन फाउन्डेशन' स्थापना गरेर समाजसेवा गरिरहेका छन् । जिम्मी कार्टर ९८ वर्षको उमेरमा पुग्दा पनि समाजसेवामा सक्रिय छन्। तर दक्षिण एशियाका नेताहरू एकपटक सत्ता र शक्तिमा पुगेपछि सदाकाल सत्ता र शक्तिमा रहन खोज्छन्। त्यसका लागि अनेक दाउपेच गर्छन्। गाउँबाट निर्वाचित भएर शहर पुग्छन् । शहर पुगेपछि राजधानी शहर पुग्छन् र आजीवन राजधानी शहरमैं बस्छन्। आफू निर्वाचित भएर आएको गाउँमा कहिले पनि फर्केर जाँदैनन्। देउवा, झलनाथ खनाल, माधव नेपाल, ओली, पुष्पकमल दहाल आदि के आफ्नो क्षेत्रमा पुगेर, आफूलाई स्थानीय विकासमा समर्पित गर्लान् ?

जागरुक, प्रगतिशील, चेतनशील र बौद्धिक समाजले नै इमानदार र असल नेतृत्व उत्पादन गर्छ। देशले इमानदार र असल नेतृत्व पाएपछि मात्र मुलुकको आर्थिक, सामाजिक विकास हुन्छ । पाकिस्तानको समाज परम्परागत रहेकोले नै त्यहाँ सेनाले लामो समयदेखि शासन गरिरहेको छ । बाहिरबाट हेर्दा देशमा प्रजातन्त्र भए तापनि भित्र भने जनप्रतिनिधिहरूले होइन, सेनाले देशको शासन व्यवस्था आफ्नो हातमा लिएको स्थिति छ। भारत र पाकिस्तान एकैपटक स्वतन्त्र भएका राष्ट्र हुन् । भारतको आर्थिक स्थिति दिन प्रतिदिन मजबुत (पाकिस्तानको तुलनामा) हुँदै गएको छ भने पाकिस्तान यथास्थितिमैं छ। त्यस्तो किन भएको होला ? किनभने तुलनात्मक रूपमा भारतीय समाज पाकिस्तानी समाजभन्दा प्रगतिशील छ। जागरुक छ।

हाम्रो नेपालमा जनताको चेतनाको स्तर उच्च नभएकोले नै केही नेता पटक पटक निर्वाचित भएका छन्। उनीहरूले आजीवन राजनीति गर्ने र सदा शक्ति र सत्तामा बस्ने मौका पाएका छन्। नेपालको राष्ट्रिय राजनीति केवल पाँच–सात नेताको वरिपरि घुमिरहने स्थिति हाम्रो चेतनाको स्तर र खास सामाजिक मनोविज्ञानले गर्दा हो ।

हाम्रो चेतनाको स्तर कमजोर भएको हुनाले नै एउटा नेता आउँछ, हामीलाई त्यो हाम्रो शत्रु हो भन्छ। त्यो शत्रुलाई नाश पारौं भन्छ । हामी त्यसै नेताको पछि लागेर उसले भनेको शत्रुलाई नाश पार्नतिर लाग्छौं। उसले शत्रु भनेको व्यक्ति वा वर्गलाई समाप्त पार्न आफ्नो ज्यान दिन्छौं । तर आश्चर्य के भने, जसलाई त्यो हाम्रो शत्रु हो भनेर नेताले देखाएको हुन्छ, पछि त्यही शत्रुसँग मिल्न पुग्छ। अहिले हाम्रो राष्ट्रिय राजनीतिको प्रकृति र संस्कृति यस्तै हुन पुगेको छ ।

एउटा नेता आउँछ र हामीलाई भन्छ–"यी शोषक, दलाल र निरङ्कुशहरूलाई समाप्त पारौं। आर्थिक समृद्धिका लागि देशमा सङ्घीयता र गणतन्त्र ल्याऔं।" हामीलाई त्यस नेताको भनाइ ठीक लाग्छ । १७ हजारभन्दा बढीको ज्यान दिएर हामी त्यो नेताको अभियानमा लाग्छौं। पछि त्यो नेता तिनै शोषक, दलाल र निरङ्कुशहरूको असल मित्र बन्न पुग्छ ।

समस्याको बयान गरेर मात्र हुँदैन, समाधान पनि दिन सक्नुपर्छ । हाम्रो समस्याको समाधान के हो भने स्थानीय स्तरमा गाउँगाउँ, शहरशहरमा शिक्षाको विस्तार र विकास गरौं। मतदाताहरूलाई जागरुक र चेतनशील तुल्याएर उनीहरूले असल प्रतिनिधि निर्वाचित गरेर पठाउने वातावरण सृजना गरौं । जनतामा चेतनाको स्तर उच्च नभएसम्म, सामाजिक मनोविज्ञान सकारात्मक नभएसम्म असल जनप्रतिनिधि निर्वाचित हुने वातावरण तयार हुँदैन । र असल जनप्रतिनिधि निर्वाचित नभएसम्म देशको आर्थिक विकास सम्भव छैन । यी सन्देशहरू हरेक मतदातासम्म पुऱ्याऔं ।

## हाम्रो विवाह डटकम वेबसाइट सार्वजनिक

प्रस, वीरगंज, १७ फागुन/

वीरगंजमा हाम्रो विवाह डटकम नामक वेबसाइट बिहीवार सार्वजनिक भएको छ ।

पर्सा निवासी इन्जिनीयर श्याम कुशवाहाले निर्माण गरेको हाम्रो विवाह डटकम नामक वेबसाइट सार्वजनिक भएको हो ।



तस्वीरः प्रतीक

हाम्रो विवाह डटकम वेबसाइटको उद्घाटन गर्दै पर्सा जिल्ला अदालतका न्यायाधीश विनोदकुमार पौडेलले आधुनिक युगमा पुरुष र महिलाको बीचमा हुने वैवाहिक सम्बन्धलाई यो वेबसाइटमार्फत जोड्न सकिने भएकाले प्रसंशा गरे ।

उनले पर्सा जिल्ला अदालतमा दैनिक दुई/तीन वटा विवाह दर्ता हुँदै आएका बताउँदै आगामी दिनमा हाम्रो विवाह डटकममार्फत हुने विश्वास व्यक्त गरे ।

यस्तै, पछिल्लो समयमा केटाकेटीले परिवारबाट विद्रोह गरेर विवाह दर्ता गराउन अदालतमा आउने गरेको उनले बताए । अहिलेको समयमा कानूनले दिएको अधिकारलाई प्रयोग गरिएकाले सकारात्मक पक्ष रहेको न्यायाधीश पौडेलले बताए ।

अहिले समाजमा तडकभडकका साथ हुँदै आएका विवाहलाई विवाह डटकमले रोक्न मदत पुऱ्याउने उनले बताए ।

कानून व्यवसायीलाई यसमा सहजीकरणका लागि राखे झन् बलियो भएर कानूनी परामर्श सहज हुनुका साथै विकृतिलाई रोक्ने र मन मिल्ने जोडीलाई यसमा सहयोग पाउने उनले बताए ।

नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारीले मानवजीवनमा विवाह संस्कार जरुरी भएकोले यो वेबसाइटमार्फत सहयोग पुग्ने बताए ।

उनले मानवजीवनमा रहेका विभिन्न संस्कारमध्येको महत्त्वपूर्ण संस्कार विवाह भएकोले प्रेमविवाहभन्दा भागी विवाहलाई रोक्न यो वेबसाइटले मदत गर्ने उनले बताए ।

यो वेबसाइटले चाहेको जीवनसाथी भेटाइदिने, बायोडाटाको पारदर्शिता, समय र पैसाको बचत हुने मुख्य विशेषता रहेको छ। यो वेबसाइटमार्फत आफ्नो प्राथमिकता अनुसारको जीवनसाथीको खोजमा सहयोग गर्ने र विवाह गर्न व्यक्तिको गोपनीयता सुरक्षित राखी दक्ष एवं बुद्धिजीवीले परामर्श र सहयोग गर्नेछन्।

## मिटरब्याजबाट पीडितहरूको जनकपुरधाममा प्रदर्शन

महेन्द्रनगर, १८ फागुन/रासस

मिटरब्याजबाट पीडितहरूले मधेस प्रदेश राजधानी जनकपुरधाममा प्रदर्शन गरेका छन् । बिनाधितो ऋण दिने प्रलोभनमा पारेर चरम आर्थिक शोषण गर्दै आएको भन्दै जनकपुरधाममा बिहीवार मिटरब्याजबाट पीडितले मिटरब्याजी र लघुवित्त वित्तीय संस्थाविरूद्ध प्रदर्शन गरेका हुन् ।

विभिन्न प्रलोभन देखाएर महिलाहरूको समूह गठन गरेर आर्थिक शोषण गर्दै आएको भन्दै मिटरब्याजविरूद्धको सङ्घर्ष समिति नेपालको आयोजनामा पीडितहरूले प्रदर्शन गरेका हुन् ।

ऋण लिंदा आकर्षक 'अफर' भन्ने र पछि ३६ प्रतिशतसम्म ब्याज असुल्ने गरी सञ्चालक रातारात करोडपति बनेको उनीहरूको आरोप छ । गाउँ, बस्ती र सहरबजार जताततै महिला समूह गठन गर्दै बिनाधितो ऋण दिने प्रलोभनमा बचतका नाममा रकम लुटेर आफू मोटाउने र समुदायलाई कङ्गाल बनाउने गरेकाले आन्दोलनमा उत्रिनुपरेको पीडितहरूको भनाइ छ ।

ऋण मिनाहाको मागसहित आन्दोलनमा उत्रिएका पीडितहरूले आज स्थानीय रङ्गभूमि मैदानबाट प्लेकार्डसहित विरोध प्रदर्शन गर्दै जिल्ला अदालत, उच्च अदालत, जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय हुँदै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय घेराउ गरेका छन् ।

प्रदर्शनमा सहभागीले सुदखोरहरूलाई गिरफ्तार गर, तमसुक व्यवस्था खारेज गर, मिटरब्याजीको सम्पत्ति छानबिन गर, पीडितको सम्पत्ति फिर्ता गर, मिटरब्याजीले गरेको यौन शोषणको छानबिन गरी दोषीलाई कारबाही गरलगायतका नारा लगाएका छन् ।



**गहना हेर्दै** : काठमाडौंको वसन्तपुरमा स्वदेशी एवं विदेशी पर्यटकका लागि बिक्रीमा राखिएको गरगहना हेर्दै आन्तरिक पर्यटक । तस्वीरः रासस

## कपडा लोड गरेको पिकअप नियन्त्रण

प्रस, वीरगंज, १८ फागुन/

जिल्ला प्रहरी कार्यालय, पर्साले बिलबिजकभन्दा बढी लत्ताकपडा लोड गरेको पिकअप नियन्त्रणमा लिएको छ। वीरगंज महानगरपालिका–२५ सिर्सियाबाट भारतीय नम्बरको पिकअप चेकजाँच गर्ने क्रममा प्रहरीले बिलविजकभन्दा बढी लत्ताकपडा भेटिएपछि कारबाईको राजस्व



अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाएको जिप्रका, पर्साले जनाएको छ।

# सङ्कटोन्मुख अर्थतन्त्र र रेमिटयान्स

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**यसका साथै रेमिट्यान्ससँग जोडिएको अहिलेको मुख्य प्रश्न हो–उत्पादनमूलक क्षेत्रमा रेमिट्यान्सको प्रयोग कसरी बढाउने र रेमिट्यान्स आर्जनकर्ताको बचतको दरमा कसरी वृद्धि गर्ने । यसतर्फ राज्य संवेदनशील हुनैपर्दछ ।**

नेपालको अर्थतन्त्र अहिले असहज अवस्थाबाट गुज्रिरहेको छ। शोधनान्तर घाटा, मूल्यवृद्धि, तरलता अभाव, उच्च र अस्थिर ब्याजदर, राजस्वको क्षयीकरणलगायत विविध समस्याले नेपालको अर्थतन्त्र थलिएको छ। मुलुकको अर्थतन्त्रको संरचना रेमिट्यान्स, कर्जा, आयात र जग्गामा केन्द्रित छ। आयात र राजस्वलाई मात्र जोडेर गरिएको विगतको विश्लेषण अपर्याप्त छ । रेमिट्यान्सका कारण आम नागरिकको आय बढेर उपभोग्य वस्तु तथा सेवाको माग बढ्नु, वस्तु तथा सेवाको बढ्दो माग आपूर्तिका लागि बैंकिङ क्षेत्रबाट सहज कर्जा प्राप्त हुनु, आपूर्तिका लागि स्थानीय उत्पादनभन्दा आयात सहज, नाफामूलक र न्यून जोखिमपूर्ण हुनु, उच्च आयात धान्न रेमिट्यान्समार्फत विदेशी मुद्रा उपलब्ध हुनु, उच्च प्रतिफल र सहज कर्जाका कारण जग्गामा लगानी बढ्नु, जग्गाको बढ्दो मूल्यका आधारमा सहज ढङ्गबाट कर्जा उपलब्ध हुनु र यो क्रमले लामो अवधिसम्म निरन्तरता पाउनुजस्ता कारणले मुलुकको आर्थिक संरचना नै फेरिएको छ।

यसरी रेमिट्यान्सले अर्थतन्त्रमा माग बढाए पनि सोही अनुरूप मुलुकभित्रै उत्पादन नबढ्नु, मुलुकको अर्थतन्त्र आयातमार्फत व्यापारीकरण र परनिर्भर हुँदै जानु एवं वित्तीयकरणमार्फत जग्गा द्रुत गतिले मौद्रिकीकरण हुनु तथा उच्च मूल्यवृद्धिका कारण मूल्य अभिवृद्धिको शृङ्खलाबाट बाहिरिंदै जानु मुलुकका लागि अत्यन्तै प्रत्युत्पादक अवस्था हो । यस्तो अवस्था रहेमा अर्थतन्त्रमा सुधार आउन सक्दैन। त्यसैले 'सङ्कटोन्मुख' बनेको अर्थतन्त्रलाई लयमा ल्याउनु र देशमा आर्थिक तथा वित्तीय स्थायित्व कायम गर्नु सरकारको सबैभन्दा ठूलो जिम्मेवारी र चुनौती रहेको छ। संयुक्त राष्ट्रसङ्घीय सहस्राब्दी विकासको लक्ष्य सन् २००० देखि २०१५ बीच सकिएको छ । सन् २०१६ देखि २०३० सम्मको १५ वर्षे अवधिको अर्को दिगो विकासको लक्ष्य नेपालले पनि अनुसरण गर्दै आएको छ। त्यसै अनुरूप सरकारले खर्बौं रुपियाँ खर्च गर्नेगरी औसत आर्थिक वृद्धिदर ७ प्रतिशतभन्दा माथि पुऱ्याउने महत्त्वाकाङ्क्षी लक्ष्य राख्दै आएको छ। अहिलेको पन्ध्रौं योजना २०७६-७७ देखि २०८०-८१ सम्मको यो चौथो वर्ष हो । मुलुकमा ४१ वर्षयता अर्थतन्त्रको वार्षिक औसत वृद्धिदर ४ प्रतिशतले भएको देखिन्छ । आर्थिक वर्ष २०३६-३७ मा २.३ प्रतिशतले ऋणात्मक वृद्धिदर भएको थियो भने २०४०-४१ मा १० प्रतिशतको आर्थिक वृद्धिदर हासिल भएको थियो ।

यसले अर्थतन्त्रको उच्च उतारचढाव देखाएको छ । आर्थिक वर्ष २०७३-७४ मा आर्थिक वृद्धि ६.९ प्रतिशत भएको थियो। यसो हुनुमा विशेषगरी धानलगायत खाद्यान्न बाली उत्पादनमा भएको वृद्धि, नियमित विद्युत् आपूर्ति, बन्द र हडतालमा कमीलगायत कारणले उद्योग र सेवा क्षेत्रमा पनि सकारात्मक प्रभाव परेको थियो । समयमा पानी परेपछि २०७३-७४ मा धानको उत्पादन २१.७ प्रतिशतले बढेको थियो । अन्य बालीको उत्पादन पनि सन्तोषजनक नै थियो । फलस्वरूप समग्र कृषि उपजको उत्पादन ५.२५ प्रतिशतले बढेको हो । २०७२-७३ मा जिडिपीमा कृषि क्षेत्रको योगदान ३२.२ प्रतिशत थियो । तर, २०७६-७७ मा आउँदा यसको योगदान २७ प्रतिशत रहेको देखिन्छ। यसैगरी २०७३-७४ मा गैरकृषि क्षेत्रको जिडिपीमा योगदान ७०.६३ प्रतिशत थियो। २०७३-७४ मा निर्माण तथा उद्योग र विद्युत्, ग्याँस तथा पानीको समग्र वृद्धिदर १०.९ प्रतिशत रहेको थियो। पुनर्निर्माण तथा अन्य निर्माण कार्यको तीव्रता, ऊर्जा क्षेत्रको विस्तार, औद्योगिक क्षेत्रमा भएको उत्पादन वृद्धिलगायत कारणले यस क्षेत्रको वृद्धिदरमा प्रगति भएको थियो। २०७२-७३ यो उल्लिखित समूहको योगदान १३.६ प्रतिशत रहेको थियो। यसरी अर्थतन्त्रबारे सर्वत्र चिन्ता र नैराश्यता देखिएको अहिलेको अवस्थामा यसलाई हटाउन सरकारले विशेष पहलकदमी लिनुपर्ने आवश्यकता देखिएको छ । यसका लागि सबैभन्दा पहिले सरकारले सर्वसाधारण र निजी क्षेत्रको मनोबल उच्च राख्न सक्नुपर्दछ। यसका साथै मुलुक सुहाउँदो समाजवाद उन्मुख नयाँ आर्थिक नीति तयार पारेर त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्छ । यसका लागि मुख्यतः तीन वटा प्रस्ताव अगाडि सार्नु उपयुक्त हुन्छ।

पहिलो–आर्थिक चरित्र निर्माणका लागि उपयुक्त विधि र प्रक्रिया विकासमा जोड दिनुपर्दछ। यस अन्तर्गत उद्योगमा वित्तीय व्यवस्थापन, आधारभूत ऋणको साङ्गठनिक व्यवस्थापन र मूल्य नीति पर्दछ। दोस्रो–प्रशासनिक चरित्र निर्माणको विधि अवलम्बन गर्नुपर्दछ। यस अन्तर्गत अधिकारीको नियुक्ति, विश्वासको आधार, तालीम, एक अर्काबीच सामग्री हस्तान्तरण गर्दाको जिम्मेवारी तथा योजना निर्माण र कर्तव्यपालन नगर्दा गरिने कारबाही एवं निष्काशन विधि प्रक्रिया पर्दछ। तेस्रो– उत्पादन योजनाको चरित्र निर्माण गर्ने विधि। यस अन्तर्गत उत्पादन र 'डिस्पोजल'को बृहत् योजना, निरीक्षण तथा नापजाँच योजना, कार्यान्वयन योजना पर्दछ । यसका अतिरिक्त नयाँ आर्थिक नीतिमा गाउँ र दूरदराजका क्षेत्र रेलवे र सडक सञ्जालमार्फत जोड्ने, सडक सञ्जालबाट जोडिएका ती गाउँ र बजारहरूमा माटो सुहाउँदो नयाँनयाँ उत्पादन योजना निर्माण गर्ने (जस्तै पशुपालन, विभिन्न प्रकारका नगदेबाली, स्थानीय तहका खानी तथा खनिज व्यवस्थापन र अन्य आय आर्जनका लागि व्यवस्थित तालीम) जस्ता योजना कार्यान्वयनमा आएपछि अधिकांश मानिस गाउँमैं स्वरोजगार बन्ने वातावरण तयार हुनेछ । पोलिटेक्निक इन्स्टिच्युटहरूको स्थापना र तथा विद्युतीकरणमा समेत जोड दिन सक्नुपर्दछ।

दिगो र उच्च आर्थिक वृद्धिदर हासिल गर्नका लागि मुख्य चुनौती स्रोत र लगानीको अभाव हो । हरेक वर्ष उत्पादन बढ्न नसक्नु, माग र आपूर्तिबीच बढ्दो असन्तुलन, उत्पादन र वितरणबीच अन्तर्विरोधले आर्थिक क्रियाकलाप सन्तोषजनक हुन सकेको देखिंदैन। हुनत नेपालको अर्थतन्त्रलाई चलायमान बनाउने मुख्य आयस्रोत नै रेमिट्यान्स हो। विश्व बैंकले सार्वजनिक गरेको पछिल्लो प्रतिवेदन अनुसार कुल गार्हस्थ्य उत्पादनको अनुपातमा विश्वकै सर्वाधिक रेमिट्यान्स भित्र्याउने मुलुकमा नेपाल पर्दछ। वार्षिक रु साढे ६ खर्बभन्दा बढीको रेमिट्यान्स नेपाल भित्रिने गरेको छ । यसले मुलुकको आयात व्यापार विस्तारमा मात्र भूमिका खेलिरहेको छैन, देशको शोधनान्तर बचतमा समेत अभिवृद्धि गराई समग्र राष्ट्रिय अर्थतन्त्र सन्तुलनको अवस्थामा कायम राख्न महत्त्वपूर्ण योगदान दिइराखेको छ । वैदेशिक रोजगारले सीप, प्रविधि, उद्यम र काम गर्ने संस्कार पनि ल्याएको छ । त्यसैले अहिलेको आर्थिक सङ्कटका बेला पनि रेमिट्यान्सले नेपाली अर्थतन्त्रलाई चलायमान बनाएको देखिन्छ। फलस्वरूप गरीबी घटाउने र थुप्रै दिगो विकासका लक्ष्यहरू प्राप्तिमा पनि यसले ठूलो योगदान गरेको छ। कृषिमा आधारित अर्थतन्त्रलाई सेवा क्षेत्रतर्फ धकेलेको छ । त्यसैले सरकारले राष्ट्रिय रेमिट्यान्स नीति तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्दछ।

नेपालमा जलविद्युत्, कृषि, पर्यटन, पूर्वाधारलगायत क्षेत्रमा लगानीको सम्भावना उच्च रहेको छ। यी क्षेत्रमा भारतलगायत लगानीकर्तालाई आकर्षित गर्नु अहिलेको आवश्यकता हो । भारत नेपालको ठूलो व्यापारिक र विकास साझेदार भएकोले नेपालको जलविद्युत्, कृषि, पूर्वाधारलगायत क्षेत्रमा लगानी गर्न निजी क्षेत्रको साथ र सहयोग लिनु आवश्यक छ । नेपालमैं प्रशस्त स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योग स्थापना गर्न सकिने भए पनि सरकार त्यसतर्फ गम्भीर हुन सकेको छैन। स्वदेशी उत्पादनलाई अनुदान दिएर आयात प्रतिस्थापन गर्नु अहिलेको पहिलो आवश्यकता हो । त्यस्तै जीर्ण उद्योगको संरक्षण र पुनःस्थापन गर्दै स्वदेशी पहिचान बढाउने उद्योगलाई विशेष अनुदान दिने नीति राज्यको हुनुपर्दछ । निर्यातजन्य वस्तु उत्पादनमा जोड दिई निर्यातमा आधारित वृद्धिमार्फत विकास गर्ने रणनीति अनुशरण गर्नुपर्दछ ।

वास्तवमा कृषि उपजमाथि आत्मनिर्भरताबाट खाद्य सुरक्षाका साथै थुप्रै रोजगारका अवसर सिर्जना गर्न सकिने भएकोले कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरणद्वारा युवालाई यस क्षेत्रमा आकर्षित गर्ने व्यवस्था सुनिश्चित गर्नु आवश्यक छ । अर्थतन्त्रमा उद्योग र सेवा क्षेत्रको योगदान बढाउन अझ बढी प्रतिस्पर्धी, दिगो, श्रमप्रधान र निर्यातमूलक औद्योगिक विकासमा जोड दिनैपर्दछ। यसका साथै रेमिट्यान्ससँग जोडिएको अहिलेको मुख्य प्रश्न हो–उत्पादनमूलक क्षेत्रमा रेमिट्यान्सको प्रयोग कसरी बढाउने र रेमिट्यान्स आर्जनकर्ताको बचतको दरमा कसरी वृद्धि गर्ने । यसतर्फ राज्य संवेदनशील हुनैपर्दछ। मुलुकको समृद्धिका लागि कृषि बजारीकरण, उत्पादन योजना र बजार योजनासहितको साना कृषि बजार पूर्वाधारको विकास, कृषि उत्पादन योजनासहितको उत्पादन तथा प्राथमिक प्रशोधनको कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ । विशेषगरी किसान कल्याण, सामूहिक प्रयासबाट प्राप्त हुने खाद्य तथा पोषण सुरक्षा, कृषि उद्यम तथा उद्योगको विकास, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन र वातावरण तथा जैविक विविधताको संरक्षण गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुपर्ने हुन्छ । विविधीकरण, व्यवसायीकरण र उद्योगीकरणका माध्यमबाट किसानको आम्दानी वृद्धि, खाद्य तथा पोषण सुरक्षा र आत्मनिर्भर कृषि क्षेत्र नै अबको मार्गचित्र हुनुपर्छ ।

# दोहोरो अङ्कले घटयो नेप्से

काठमाडौं, १८ फागुन/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक दोहोरो अङ्कले ओरालो लागेको छ।



नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से २६ दशमलव ४७ अङ्कले घटेर एक हजार ९६९ दशमलव शून्य दुईमा सीमित भएको छ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक चार दशमलव ८१ अङ्कले घटेर ३७३ दशमलव ५६ मा पुगेको छ।

कारोबार भएका १३ वटै उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ । कुल कारोबार भएका कम्पनीमध्ये १९ कम्पनीका शेयर मूल्य बढ्दा १९४ कम्पनीका शेयर मूल्य भने घटेका छन्। साथै तीनवटा कम्पनीको शेयर मूल्यमा कुनै परिवर्तन भएको छैन।

विभिन्न कम्पनीका कुल ३६ लाख ५७ हजार १५४ कित्ता शेयर रु एक अर्ब ३३ करोड ६३ लाख ३३ हजार ९६४ मूल्यमा खरीद-बिक्री भए । आजको कारोबारपछि बजार पूँजीकरण रु २८ खर्ब ४४ अर्ब ९२ करोड ४४ लाख २६ हजार ४४७ बराबर छ।

कारोबारका आधारमा हिमालयन डिस्टिलरी शीर्ष स्थानमा छ । सो कम्पनीको रु आठ करोड १२ लाख ८६ हजार ८५४ बराबरको शेयर कारोबार भयो।

यस्तै, शिवम् सिमेन्ट रु छ करोड तीन लाख पाँच हजार २६३, एनआइसी एशिया बैंक रु चार करोड ३७ लाख २९ हजार ६४९, नबिल बैंक रु तीन करोड ८५ लाख ६१ हजार ४९४, नेपाल पुनर्बीमा कम्पनी रु दुई करोड ५१ लाख ६९ हजार तीन सय बराबरको शेयर कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए।

नेप्सेका अनुसार बुद्धभूमि नेपाल हाइड्रोपावर चार दशमलव २९, यसनिक नेपाल लघुवित्त चार दशमलव शून्य दुई, बोटलर्स नेपाल तराई तीन दशमलव ९१, लक्ष्मी उन्नति कोष तीन दशमलव ७८, सामलिङ पावर कम्पनीको शेयर मूल्य तीन दशमलव ६४ प्रतिशतले बढेका छन्।

ग्लोबल आइएमई लघुवित्त सात, स्वाभिमान लघुवित्त पाँच दशमलव ८०, नाडेप लघुवित्त पाँच दशमलव ७४, सिटिजन म्युचुअल फन्ड पाँच दशमलव ६३ र सनराइज ब्ल्यूचिप फन्डको मूल्य पाँच प्रतिशतले घटेका छन्।

# बढ्यो सुनको मूल्य

काठमाडौं, १८ फागुन/रासस

सुनचाँदी बजारमा बिहीवार छापावाल सुनको मूल्य अघिल्लो कारोबार दिनको तुलनामा प्रतितोला रु तीन सयले बढेको छ। अघिल्लो दिन प्रतितोला रु १,०२,३०० मा कारोबार भएको सुनको मूल्य आज रु १,०२,६०० तोकिएको छ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरण अनुसार आज तेजाबी सुनको मूल्य प्रतितोला रु १,०२,१०० छ। यसको मूल्य अघिल्लो दिन रु १,०१,८०० थियो। त्यस्तै आज चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यको तुलनामा स्थिर रही प्रतितोला रु १,२७० कायम रहेको महासङ्घले जनाएको छ।

महासङ्घले अन्तर्राष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यका आधारमा यहाँ दैनिक सुन तथा चाँदीको मूल्य तोक्दै आएको छ।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
| --- | --- | --- |
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०




**सङ्ग्रहालयमा थन्किएको डोली:** धनकुटामा रहेको प्रदेश सङ्ग्रहालयमा प्रदर्शनका लागि राखिएको पुरानो समयमा बिहेमा बेहुली बोक्न प्रयोग गरिने परम्परागत काठको डोली । विसं २०३९ मा स्थापित यस सङ्ग्रहालयमा तत्कालीन पूर्वाञ्चलका १६ जिल्ला हाल कोशी प्रदेशका १४ जिल्लाका १६ वटा विभिन्न जातजातिका कला संस्कृतिहरू हेर्न पाइन्छ। यहाँ दैनिक न्यूनतम ४० देखि १०० जनासम्म विभिन्न जिल्लाका मानिस अवलोकनका लागि आउने गरेको कार्यालयका प्रमुख चन्द्रप्रकाश अधिकारीले जानकारी दिए। तस्वीरः रासस

## अन्तर्राष्ट्रिय समाचार

# दोहा शिखर बैठकः सम्भाव्यतादेखि समृद्धिसम्म
# अन्तर्राष्ट्रिय सहायताका निम्ति अल्पविकसित राष्ट्रहरूको पुकार

दोहा, १८ फागुन/एएफपी

प्राकृतिक प्रकोप र रोगव्याधले आर्थिक उन्नयनका दिशामा अघि बढ्न नसकेका विश्वका अल्पविकसित राष्ट्रहरू अन्तर्राष्ट्रिय सहयोगका निम्ति विश्वको ध्यानाकर्षण गराउने तरखरमा छन् ।


तस्वीरः एजेन्सी

गरीबीको दुष्चक्रमा फसेका उनीहरूले आगामी आइतवारदेखि बिहीवारसम्म हुने अल्पविकसित राष्ट्रहरूको संयुक्त राष्ट्रसङ्घीय पाँचौं शिखर बैठकमा सहयोगको लागि विकसित देशको ध्यान आकृष्ट गराउने तयारी गरेका हुन् ।

कोरोना भाइरस महामारी, खाद्यान्न तथा इन्धन आपूर्तिमा युक्रेन युद्धको प्रभाव र जलवायु परिवर्तनका कारण उत्पन्न समस्याले विश्वका धनी देशलाई चिन्तित तुल्याए पनि अल्पविकसित ४६ देशका एक अर्ब ३० करोड जनताको अवस्था दयनीय बन्दै गएको छ । कोरोना महामारी, युक्रेन युद्ध र जलवायु परिवर्तनका प्रभावले यी ४६ देशको अवस्था नाजुक बनेको छ ।

संयुक्त राष्ट्रसङ्घका लागि मलावीका राजदूत तथा संयुक्त राष्ट्रसङ्घमा अल्पविकसित देशका प्रवक्ता एग्नेस चिम्बिरीमोलान्डे अल्पविकसित देशले झेल्नुपरेको थरीथरीका सङ्कटले उनीहरूलाई जोखिमको खतरनाक बिन्दुमा पुऱ्याएको बताउँछन् ।

३३ वटा अफ्रिकी, १२ वटा एशिया–प्रशान्त क्षेत्र तथा क्यारेबियन मुलुक हाइटीका राष्ट्राध्यक्ष र सरकारप्रमुखको पाँच दशकपछि पहिलोपटक यहाँ राष्ट्रसङ्घीय सम्मेलन हुँदैछ । पाँच दशकअघि संयुक्त राष्ट्रसङ्घले सम्पन्न र विपन्न राष्ट्रबीचको स्रोत–साधनको गहिरो खाडल कम गर्ने प्रयासमा अल्पविकसित राष्ट्रको समूह (एलडिसी) सिर्जना गरेको थियो ।

कोरोना महामारीका कारण एलडिसीको पाँचौं विश्व सम्मेलन दुईपटक स्थगन भइसकेको छ । यसपटक यहाँ आयोजना हुने उक्त बैठकबाट पनि निर्धन देशले अपेक्षा अनुसार भारी आर्थिक सहायता पाउने अपेक्षा गरिएको छैन ।

विज्ञहरूका अनुसार विगतमा गरिएका प्रतिबद्धता कार्यान्वयनको सुनिश्चितताका निम्ति विशेषज्ञ र विकासे कार्यकर्ताका साथ राष्ट्राध्यक्ष एवं सरकार प्रमुखहरू शिखर सम्मेलनमा सहभागी हुँदैछन् । एलडिसीलाई सघाउने विकसित देशका प्रतिबद्धता कार्यान्वयनमा नै उनीहरूको जोड हुनेछ ।

फ्रान्समा रहेको फाउन्डेशन फर स्टडिज एन्ड रिसर्च अन इन्टरनेशनल डेभलपमेन्ट (फेर्डी)का कार्यक्रम प्रबन्धक म्याथियास बोसिचास हालैका सङ्कटले सिर्जना गरेका जटिल परिस्थितिभन्दा पनि अन्तर्राष्ट्रिय समुदायले अल्पविकसित राष्ट्रका विकासका संरचनागत समस्यालाई सम्बोधन गर्नुपर्ने बताउँछन् । आर्थिक वृद्धि र व्यापारका निम्ति दशकौंदेखि लडिरहेका अल्पविकसित देशका विकासका चुनौतीलाई केन्द्रमा राखेर विकसित राष्ट्रले सहयोगको मात्रा बढाउनुपर्नेमा उनी जोड दिन्छन् ।

पाँच दशकअघि अल्पविकसित राष्ट्रको समूहमा रहेका २४ देशको सङ्ख्या यो अवधिमा बढेर ४६ पुगेको छ । आर्थिक सहयोग, व्यापार, बजार विशेषाधिकार र वित्तसम्मको उनीहरूलाई सहज पहुँच प्रदान गर्न उक्त समूह बनाइएको थियो ।

असमानताको खाडल यति गहिरो बनेको छ कि अफगानिस्तानको वार्षिक औसत ज्याला सयौं डलरमा मापन गरिन्छ भने अमेरिकामा यो ६५ हजार अमेरिकी डलरभन्दा बढी कायम भएको विश्व बैंकको तथ्याङ्कले देखाएको छ । संयुक्त राष्ट्रसङ्घका अनुसार विश्वका आधा गरीब जनतासँग मात्र बिजुली छ भने हरेक पाँचजनामध्ये एकजनाको मात्र इन्टरनेटमा पहुँच छ ।

**अल्पविकसित राष्ट्रको सूचीबाट स्तरोन्नति**

धेरै सरकारले एलडिसीको बिल्लालाई कलङ्क भनेका छन् ।

भूगोलका आधारमा सानो देश भुटान यस वर्ष एलडिसीबाट स्तरोन्नतिको प्रक्रियामा प्रवेश गर्ने सबैभन्दा नयाँ राज्य बन्ने अपेक्षा गरिएको छ । बङ्गलादेश, लाओस, नेपाल, अङ्गोला, साओ टोमे, प्रिन्सेप र सोलोमन टापु सन् २०२६ सम्ममा एलडिसीबाट स्तरोन्नति भइसक्ने लक्ष्यका साथ अघि बढेका छन् । अब उनीहरूले बिस्तारै आफ्ना विशेषाधिकार गुमाउनेछन् । यद्यपि ती सबैलाई स्तरोन्नतिपछि पनि बाह्य सहायता आवश्यक पर्छ ।

अल्पविकसित राष्ट्रहरूमा निजी लगानी बढाउनेसम्बन्धी बैठकमा विश्वभरका करीब पाँच सय कम्पनीका प्रमुख कार्यकारीले भाग लिने अपेक्षा गरिएको एलडिसीका लागि संयुक्त राष्ट्रसङ्घका उच्च प्रतिनिधि रबाब फातिमा बताउँछिन् । माइक्रोसफ्टले बिहीवार अफ्रिकाका थप दुई करोड मानिसलाई इन्टरनेट उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ भने आगामी तीन वर्षभित्रमा अफ्रिकामा दश करोड मानिसलाई इन्टरनेटको माध्यमबाट जोड्ने बताएको छ । उक्त अभियानका लागि माइक्रोसफ्टले गत वर्ष नै एक करोड अमेरिकी डलर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको थियो ।

माइक्रोसफ्टका अध्यक्ष ब्राड स्मिथले उक्त अभियानलाई महान् लक्ष्य भनेका छन् । "यसका लागि सरकारहरूको सहयोग र समर्थन आवश्यक पर्छ, हामी अफ्रिकाभरका सरकारसँग काम गरिरहेका छौं, यसका लागि केही वित्तीय लगानी पनि चाहिन्छ, जुन प्राप्त गर्न नसकिने होइन," उनले एएफपीलाई भने । "उनीहरूलाई चाहिने व्यापार र लगानी हो, विदेशी सहायता मात्र होइन । हामी डिजिटल प्रविधिलाई लगानी, व्यापार र आर्थिक वृद्धिको लागि सम्भावित उत्प्रेरकको रूपमा लिन्छौं," स्मिथले थपे । रासस

# १२ वर्षीय छोराको अगाडि गोली हानेर बुबाको हत्या

सिडनी, १८ फागुन/सिन्हवा

यहाँ एकजना १२ वर्षीय किशोरका अगाडि गोली हानेर उनका बुबाको हत्या भएको छ । मार्शल आर्ट जिममा प्रवेश गर्ने योजनामा रहेका एक व्यक्तिलाई निजकै कारभित्र गोली हानी हत्या गरिएको साउथ वेल्स राज्यको प्रहरीले जनाएको छ ।

गोली प्रहारका बेला उनका छोरा साथमैं रहेको प्रहरीले एक विज्ञप्ति निकालेर बताएको छ । प्रहरीले यो सङ्गठित अपराधको लक्षित आक्रमण भएको आशङ्का गरेको छ । ४० वर्षीय ती व्यक्ति, गोली लागेको अवस्थामा भेटिएका तथा चिकित्सा सहायकहरूको प्रयासका बावजूद उनको घटनास्थलमैं मृत्यु भएको थियो । हत्याको कारण खुलेको छैन । प्रहरी अनुसन्धान जारी छ । हिंसात्मक उक्त आक्रमणबाट ती किशोरलाई मानसिक आघात पुगेको ठानिएको छ । माज्दा कार चढेर आएको आक्रमणकारीले हत्यापछि चढेरको कार जलाएको जनाउँदै प्रहरीले त्यससम्बन्धी क्लोज सर्किट टेलिभिजन फुटेज उपलब्ध गराउन स्थानीय बासिन्दासँग अनुरोध गरेको छ । रासस

## आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | सुयश | वृष | धनलाभ |
| मिथुन | अन्नलाभ | कर्कट | अलमल |
| सिंह | प्रसन्नता | कन्या | पदोन्नति |
| तुला | प्रगति | वृश्चिक | रोगभय |
| धनु | नारीसुख | मकर | अलमल |
| कुम्भ | प्रसन्नता | मीन | वाहनकष्ट |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे


## वीरगंज महानगरपालिकाको अपील

- रङ्गहरूको पर्व होली मौलिक रूपमा रमाइलो गरी मनाऔं ।
- जबरजस्ती लोला हान्ने, पानी छ्याप्ने तथा रङ्ग दल्ने जस्ता कार्य नगरौं ।
- फागु खेल्दा हानिकारक र रसायनयुक्त रङ्ग, सडेगलेका वस्तु, फोहरपानी, मोबिल, नालाको हिलो जस्ता वस्तुहरूको प्रयोग नगरौं ।
- पर्वको नाममा मदिराजन्य पदार्थ तथा लागुपदार्थ जस्ता वस्तुको सेवन नगरौं । साथै डिजे, लाउडस्पीकर जस्ता मनोरञ्जनका साधनहरू चर्को आवाजमा बजाउँदा ध्वनी प्रदूषण तथा स्वास्थ्यमा नकारात्मक असर पार्ने भएकाले त्यस्ता कार्य नगरौं, नगराऔं ।

# सन्त गरीबदासजीको बोध दिवस कार्यक्रम शुरू

प्रस, वीरगंज, १७ फागुन/

जगत्गुरु तत्त्वदर्शी सन्त रामपालजी महाराजको सान्निध्यमा यही फागुन १८, १९ र २० गते सतलोक आश्रम धनुषामा आदरणीय सन्त गरीबदासजी महाराजको बोध दिवसको उपलक्ष्यमा हुन गइरहेको अखण्ड पाठ, विशाल भण्डारा, रक्तदान तथा दाइजोरहित विवाह कार्यक्रम १८ गते बुधवारदेखि शुरू भएको छ । उक्त कार्यक्रमको निमन्त्रण स्वीकार गरी कार्यक्रमको पहिलो दिन नै मधेस प्रदेशका गृहमन्त्री शत्रुध्नप्रसाद सिंह, सशस्त्र प्रहरीका गणेश ठाडामगरले आश्रममा भण्डारा प्रसाद ग्रहण गरी सम्पूर्ण व्यवस्था अवलोकन गरे । कार्यक्रममा विशाल प्रदर्शनीस्थल पनि बनाइएको थियो । प्रदर्शनीस्थलबाट शास्त्रानुकूल आध्यात्मिक चेतना प्राप्त गरेको र समाजलाई नशा, दाइजो प्रथा, भ्रष्टाचार, घरेलु हिंसा, भेदभाव, पाखण्डवाद, अन्धविश्वास, आत्महत्या जस्ता विकृतिहरूबाट जोगाउन सन्त रामपालजी महाराजको ज्ञानले प्रभावकारी भूमिका निभाएको बताइएको थियो ।

सन्त रामपालजी महाराजले स्वच्छ, सभ्य, आध्यात्मिक समाज निर्माण गरेर सर्व मानवलाई सुखी बनाउने र पूर्ण मोक्ष प्रदान गर्ने उद्देश्यले विभिन्न किसिमका आध्यात्मिक चेतनामूलक कार्यक्रमहरू गरिरहेको कुरा उनका अनुयायीले बताएका छन् । तीन दिवसीय उक्त कार्यक्रमको पहिलो दिन नै नेपालका विशिष्ट व्यक्तिलगायत बहुसङ्ख्यामा नेपाल, भारत, बङ्गलादेश, भुटान आदि देशका लाखौं श्रद्धालुहरूको उपस्थिति थियो ।


तस्वीरः सौजन्य

सन्त गरीबदासजी महाराजको जन्म छुडानी गाउँ, जिल्ला झज्जर, हरियाणामा सन् १७१७ मा भएको थियो । उनलाई दश वर्षको उमेरमा कबीर साहेबजीको दर्शन सन् १७२७ मा नला नामक खेतमा भएको थियो भने उनको सतलोक गमन (देहत्याग) सन् १७७८ मा भएको थियो । जुन दिन परमेश्वर कबीर साहेबजीले गरीबदासजी महाराजलाई भेटेर ज्ञानोपदेश दिए, त्यसै दिनको स्मृतिमा १० वटा सतलोक आश्रममा विशाल महाभण्डाराको आयोजना गरिएको छ, जसमा निश्शुल्क मन्त्रदीक्षा, आध्यात्मिक प्रदर्शनी, रक्तदान शिविर, दाइजो तथा आडम्बररहित आदर्श विवाह र विशाल भण्डाराको आयोजना पनि गरिएको छ । सन्त गरीबदासजी महाराजलाई १० वर्षकै उमेरमा कबीर साहेबजीले स्वर्ग, नर्क, महास्वर्ग, सतलोक आदि देखाएर शरीरमा छाडेका थिए र मन्त्रोपदेश दिएका थिए ।

## शुरू भयो ...

घर आँगनमा बसिरहेका जो कोही पनि प्रसन्न एवं खुशी हुने गर्दछन् ।

साँझ ७ बज्न नपाउँदै होलैयाहरूले हातहातमा ढोल, तासा, मृदङ्ग, डम्फू, झ्यालीलगायत बाजाहरू लिएर विभिन्न धुन र सङ्गीतमा झुम्मिन थाल्छन् र राति ११/१२ बजेसम्म जोगिरा निरन्तर चलिरहन्छ । विभिन्न प्रकारका गीत, चुट्किला, हाँसी–ठट्टा र जिस्काउने तीतामीठा वाक्य र शब्द लयमा ढालेर गाइएको जोगिरा सुन्न र हेर्न गाउँलेको भीड लाग्ने गर्दछ भने जोगिराको क्रममा हुने नाचगानमा समेत ठूलो सङ्ख्यामा सहभागी हुने गरेको होलैया (जोगिरा गाउँने) बौएलाल महरा बताउँछन् ।

पौराणिक कालदेखि जलेश्वर नगरपालिका–८ बजराही गाउँको जोगिरा टोली निकै चर्चित र नाम चलेको छ भने यहाँको जोगिरा टोलीमा हिन्दू र मुस्लिम दुवै समुदायको सहभागिता हुँदा आपसी सद्भाव झन् बढेको स्थानीय ७५ वर्षीय भुट्टा साहको भनाइ छ ।

अन्य गाउँ–ठाउँमा हिन्दू पर्वमा मुस्लिम सहभागी नहुने र मुस्लिमको पर्वलाई हिन्दूले चासो नलिने सामान्य मान्यताबीच महोत्तरीको सदरमुकाम जलेश्वर नगरपालिका–८ बजराही गाउँमा यस कुरालाई स्थानीय दुवै समुदायका युवा तथा बुद्धिजीवी अगुवाहरूले पछौटेपन तथा विकासको अवरोध भन्दै यस सामाजिक विभेदलाई चिरेर अगाडि बढेको अवस्था छ । अहिले प्रत्येक दिन साँझ जोगिराको धुनमा दुवै समुदायका युवाहरू एकैसाथ गाउँदा, नाच्दा र एकैसाथ हाँसो ठट्टा गर्दा वास्तवमैं यस गाउँमा कुनै विशेष जात, धर्म वा वर्गको आधिपत्य वा भेदभाव नभएर अनेकतामा एकता रहेको दर्शाउँछ ।

यस गाउँमा वर्षौंदेखि मुस्लिमहरू हिन्दूको पर्वमा र हिन्दूहरू मुस्लिमको चाड पर्वमा एकसाथ उभिएर चाडपर्व मनाउनुका साथै आपसमा खुशी साटासाट गर्दै आएका छन् । वडा नं ७ अनकार गाउँमा पनि बर्सेनि सर्वसाधारण स्थानीय बासिन्दासहित जनप्रतिनिधि पनि जोगिरामा उत्साहजनकरूपमा सहभागी हुने गरेको स्थानीयवासी शङ्कर कापर बताउँछन् । वडा नं ७ का वडाध्यक्ष रामछविला यादवका अनुसार होलीको अवसर पारेर जोगिरा गाउनकै लागि युवाहरू परदेशबाट गाउँ फर्किएका छन् । नेपाल तथा भारतसमेत सम्पूर्ण मिथिलाञ्चलवासीलाई मनपर्ने जोगिरा महोत्तरीको जलेश्वर नगरपालिकामा मात्रै सीमित नभएर जिल्लाको पिपरा गाउँपालिका–७ बनौली गाउँमा पनि निकै धुमधामका साथ मनाउने गरिएको पूर्व वडाध्यक्ष रूपेश झा बताउँछन् ।

स्थानीय ६५ वर्षीय वैद्यनाथ चौधरी गाउँका सबै उमेर समूहका मानिस एउटै मञ्चमा बसेर जोगिरा गाउने, हाँस्ने, हँसाउने, कथा, कहानी र जीवनका अनुभव साटासाट गर्दै देवीदेवताप्रति भक्तिभाव, ठूलालाई आदर सत्कार र सानालाई स्नेह बाँड्ने प्रचलन रहेको बताउँछन् । कवि कोकिल विद्यापतिको जन्मथलोसमेत रहेको सो गाउँमा विगत दुई/तीन दिनदेखि रातिको बेला होलैयाहरूको भीडले मेलाजस्तै लाग्ने तथा उनीहरूले गाउने गीतले गाउँ नै गुञ्जायमान हुने गर्दछ । वडा नं ९ बथनाहा गाउँ पनि यति बेला जोगिरामा रङ्गिएको छ । स्थानीय राजनीतिकर्मी चन्दन दुबेका अनुसार साँझ पर्न नपाउँदै होलैयाहरू ढोल बजाउन, झ्याली पिट्न, हारमोनियम बजाउन र गीत गाउन शुरू गरेपछि राति अबेरसम्म गाउँमा खुशीयालीपूर्ण रमाइलो गर्दछन् ।

प्रत्येक वर्षझैं यस वर्ष पनि होली पर्वको आगमनसँगै महोत्तरी जिल्लाको गाउँ–गाउँमा 'जोगिरा' (एक प्रकारको गीत) गाउन शुरू भएको छ । दश नगरपालिका र पाँच गाउँपालिका रहेको महोत्तरी जिल्लाको प्रत्येक गाउँ टोलमा फागुन महीनाको १२/१३ गतेदेखि नै प्रत्येक राति ढोल, तासा, मृदङ्ग, डम्फू, झ्यालीलयायत बाजागाजाका साथ जोगिरा गाउन शुरू भएको विभिन्न पालिकाका स्थानीयवासीले बताएका छन् ।

'फागुन आयो, होली ल्यायो'
'मारो भरभर कर पिचकारी'
'होली आयो, मस्ती छायो'
'मारो भरभर कर पिचकारी'
'जोगिरा सरररर, जोगिरा सरररर ।'
'कई हातका धोती पहना, कई हात लपेटा'
'कई घाटका पानी पिया, कई बापका बेटा'
'जोगिरा सरररर, जोगिरा सरररर ।'

यस्ता सयौं लोकभाका, गीत, चुटकिला, हाँसो–ठट्टा र दुःख बिर्साएर खुशी साटासाट गर्ने महापर्वको रूपमा होली मनाउने गरिन्छ । महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सर्लाही, रौतहट, बारादेखि र भारतका मधुबनी र दरभङ्गासहित सम्पूर्ण मिथिलाञ्चलमा जोगिरा पर्व मनाउने गरिन्छ । जोगिराको धुन र लयले गाउँगाउँलाई सङ्गीतमय पारेको बेला जोगिरा गाउनकै लागि अहिले रातको बेला युवा तथा वयोवृद्धलाई घरघरबाट तानेर ल्याई राति अबेरसम्म जाग्राम गराउने तथा जोगिरा गाउन लगाउने गरिएको जलेश्वर नगरपालिका–६ का बासिन्दा प्रवीण साहले बताएका छन् ।

उनले होलैयाहरूले जोगिराले एक आपसमा भाइचारा, प्रेम, सद्भाव र सुमधुर सम्बन्ध निर्माण गर्ने भएकोले रातिको बेला गाउँको चोकचोकमा ठूलो सङ्ख्यामा भेला भएर जोगिरा गाउने, सुन्ने र सहभागीसमेत हुने गरेको बताए । प्रायः होली पर्वभन्दा १५ दिन पहिले शुरू हुने जोगिरा गायन मिथिलाञ्चलको प्रत्येक गाउँगाउँमा भइसकेको छ भने जोगिरा गायन होली पर्वको एक दिन पहिलेको रातिसम्म गाइने प्रचलन छ ।

जोगिरा मिथिलाञ्चलसहित सम्पूर्ण देशकै धरोहर एवं सम्पत्ति भएकोले यसको संरक्षणमा स्थानीय जनप्रतिनिधि र प्रशासनले विशेष ध्यान दिनु जरूरी रहेको बताउँछन् जलेश्वर नगरपालिकाका प्रमुख सुरेशसाह सोनार । जोगिराले परम्परा झल्काउने, सद्भाव बढाउने र जोगिरा समेतलाई संरक्षण गर्नुपर्ने ठाउँमा यस्तो बेला कतिपय भोजपुरी भडकिलो गीत, डिजे बाजाको चर्को आवाज र मदिरा सेवनकर्ताहरूले होहल्ला गर्ने प्रवृत्ति बढ्दै गएकोमा भने उनी चिन्ता व्यक्त गर्छन् ।


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# ८० किलो गाँजा जलाएर नष्ट

प्रमोद यादव, पंचगावाँ, १८ फागुन/

इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीले सात महीनादेखि विभिन्न स्थान र मितिमा बेवारिसे अवस्थामा बरामद गरेको ८० किलो गाँजा सरोकारवालाहरूको रोहबरमा बिहीवार जलाएर नष्ट गरेको छ।

वडा सदस्यहरू, बुद्धिजीवी, सञ्चारकर्मीलगायतका उपस्थितिमा इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीको हातामा आगो लगाइ गाँजा नष्ट गरेको प्रहरी निरीक्षक आचार्यले बताएका छन्।


तस्वीरः प्रतीक

# नेविसङ्घको निर्वाचन परिचालन कमिटी बन्यो

प्रस, वीरगंज, १७ फागुन/



नेपाली काङ्ग्रेसनिकट नेपाल विद्यार्थी सङ्घ ठाकुर राम बहुमुखी क्याम्पस एकाइलाई आगामी चैत ५ गते हुने स्ववियु निर्वाचनमा सहयोग गर्ने परिचालन कमिटी बनेको छ।

नेका, पर्सा जिल्ला कार्यसमितिले आज निर्णय गर्दै नेका नेता नवीन सिंहको संयोजकत्वमा सात सदस्यीय स्ववियु निर्वाचन परिचालन कमिटी बनाएको हो। समितिका सदस्यहरूमा नेविसङ्घ पर्साका अध्यक्ष रमेश यादव, विकाश तिवारी, सुरेन्द्र लामिछाने, हरिन्द्र यादव, रामनिवास यादव, मनोज साहलगायत चयन भएका नेविसङ्घ, पर्साका सचिव फिरोज अन्सारीले बताए।

नेका, पर्साका सभापति जनार्दनसिंह क्षत्रीद्वारा हस्ताक्षरित विज्ञप्तिमार्फत निर्वाचन कमिटी बनाइएको जानकारी सार्वजनिक गरिएको छ।


## समयमैं कर तिरौं

- आफूले तिर्नुपर्ने कर समयमैं तिरौं।
- राज्य सञ्चालनमा सहयोग गरौं।
- नागरिक कर्तव्य पूरा गरौं।

**जनताबाट उठाइएको करः**

- सडक, खानेपानी, स्वास्थ्य, शिक्षा तथा पूर्वाधार निर्माण,
- सार्वजनिक सेवा सञ्चालन,
- सामाजिक सुरक्षा प्रदान,
- वैदेशिक ऋण कम गर्न आवश्यक पर्दछ।

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## कुखुरा र रक्सी पसलमा चोरी

सुग्रीव साह, भिस्वा, १८ फागुन/

छिपहरमाई गाउँपालिका–५ भिस्वामा गएराति प्रभु साह कानू, साहेब मियाँ धोबी र लालबाबूराम महराको रक्सी र कुखुरा पसलमा चोरी भएको छ।


तस्वीरः प्रतीक

चोरहरूले टाटी फोडेर चोरी गरेका थिए। चोरी भएका पसलको नजीकै सशस्त्र प्रहरीको बिओपी र प्रहरी चौकी पर्छ। चोरीबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## जरिवाना तिर्न नसकेपछि १० वर्ष कैद

प्रस, वीरगंज, १८ फागुन/

वडा प्रहरी कार्यालय, श्रीपुरले अपहरण तथा शरीर बन्धक, जबरजस्ती चोरी मुद्दाका एकजना आरोपितलाई पक्राउ गरेको छ।



वीरगंज महानगर–११ बस्ने ४० वर्षीय नागेन्द्रप्रसाद महतोलाई गत सोमवार पक्राउ गरी पर्सा जिल्ला अदालतको आदेशमा मङ्गलवार कारागार चलान गरेको वप्रका, श्रीपुरले जनाएको छ।

महतोलाई २०७६ असार १० गते पर्सा जिल्ला अदालतले अपहरण तथा शरीर बन्धक मुद्दा र २०७७ असार १९ गते उच्च अदालत जनकपुरको अस्थायी इजलासले चोरी मुद्दामा १७ लाख ८३ हजार जरिवाना तोकेको र उनले जरिवाना तिर्न नसकेपछि १० वर्ष कैद भुक्तानको लागि वीरगंज कारागार चलान गरेको वप्रका, बिर्ताले जनाएको छ।

# खेलकूदको संसार

## विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न

प्रस, वीरगंज, १८ फागुन/

वीरगंज महानगरपालिकाको आयोजना र जिल्ला खेलकूद विकास समिति, पर्साको प्राविधिक सहयोगमा महानगर विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकूद प्रतियोगिता सम्पन्न भएको छ।


तस्वीरः प्रतीक

नारायणी रङ्गशालामा बुधवारदेखि शुरू भएको एथलेटिक्स र कबड्डी खेल सम्पन्न भएको छ। आज भएको आठ सय मिटर दौड प्रतियोगितामा पुरुषतर्फ नृसिंह माविका सुरज पटेल प्रथम, पाँच हजार मिटरमा जिएचपी माविका अमरेन्द्र पटेल प्रथम र सय मिटर दौडमा पुरुषतर्फ हरि खेतान बहुमुखी क्याम्पसका पुष्पराज यादव, चार सय मिटर दौडमा पुरुषतर्फ बिपिसीका आलोककुमार गुप्ता प्रथम भएका छन्। यसैगरी, लङ्जम्पमा सिद्धार्थ माविका गगनराज रजक प्रथम भएका थिए।

यसैगरी, महिलातर्फ आठ सय मिटर दौडमा मोर्डन स्कूल परवानीपुरकी रोशनी कुशवाहा, तीन हजार मिटरमा सिद्धार्थ माविकी कुलसुम खातुन, सय मिटरमा सिद्धार्थ माविकी प्रीतिकुमारी पटेल, चार सय मिटरमा मोडर्न स्कूलकी सिर्जना शर्मा, लङजम्पमा नृसिंह माविकी शिवानी यादव प्रथम भएको प्रतियोगिताका मुख्य निर्णायक विशेश्वर पटेलले बताए।

प्रतियोगितामा एथलेटिक्स, भलिबल, कबड्डी, तेक्वान्दो, कराँते प्रतियोगिता गराइएको थियो। जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकूद प्रतियोगिताको चैत महीनाको पहिलो सातामा हुने जिल्ला खेलकूद विकास समिति, पर्साका कार्यालय प्रमुख एवं तेक्वान्दो प्रशिक्षक विजय शाह ठकुरीले बताएका छन्।

## कर्मचारी क्रिकेट लिगः पोखरिया विजयी

दिनेश मिश्र, वीरगंज १७ फागुन /


तस्वीरः प्रतीक

कर्मचारी क्रिकेट प्रिमियर लिग– २०७९ अन्तर्गत बिहीवार सम्पन्न खेलमा वीरगंज महानगरपालिकालाई पराजित गर्दै पोखरिया नगरपालिका विजयी भएको छ।

टस जितेर वीरगंजले ब्याटिङ गर्दै ८२ रन बनाएको थियो। प्रतिउत्तरमा पोखरियाले आठ ओभरमा आठ विकेटको नोक्सानीमा जितेको थियो। मनोज पटेलले ३९ र अरबिन्द दुबेले २८ रन बनाएका थिए भने विजय साहले दुई ओभरमा छ रन दिएर चार विकेट लिएका थिए। उनी यस खेलको म्यान अफ दी म्याच घोषित भए।

मङ्गलवार पोखरिया नगरपालिका र जगरनाथपुर गाउँपालिकाबीच हुने आयोजकले जनाएको छ।

## सेमिफाइनल खेलमा वीरगंज सिटी विजयी

प्रस, पर्सागढी, १८ फागुन/

राष्ट्रको लागि खेलकूद, स्वास्थ्यको लागि खेलकूद नाराका साथ पर्सागढी नगरपालिका वडा नं ४ स्थित खेलमैदानमा मिर्मिरे युवा क्लब, सबैया टाँडीको आयोजना तथा पर्सागढी नगरपालिकाको सहयोगमा प्रथम पर्सागढी मेयरकपको आजको सेमिफाइनल खेलमा वीरगंज सिटी फूटबल क्लबले जीत हासिल गरेको छ।


तस्वीरः प्रतीक

खेलको पहिलो हाफ बराबरी भएको थियो भने दोस्रो हाफमा वीरगंज सिटी फूटबल क्लबका सुनील राउतले पहिलो गोल गरेका थिए।

खेलको ७०औं मिनेटमा हेटौंडा एकेडेमी फूटबल क्लबका उमेश सञ्जेलले गोल गरी खेल बराबरीमा ल्याएका थिए। निर्धारित समयमा दुवै टीमबाट गोल हुन नसकेपछि टाइब्रेकरमा वीरगंज सिटी फूटबल क्लबले पाँच गोल गरेको थियो भने हेटौंडा एकेडेमी फूटबल क्लबले चार गोल गरेको थियो। आजको खेलको म्यान अफ दी म्याच वीरगंजका अरुण चौधरी भए। उनलाई नगद दुई हजारसहित शिल्ड र मेडलले सम्मान गरिएको आयोजक क्लबको खेलकूद समितिका अध्यक्ष राजकुमार गुरुङले बताए।

## युएईलाई हराउँदै नेपाल विश्वकपमा

काठमाडौं, १८ फागुन/रासस

आइसिसी यू–१९ विश्वकप एशिया छनोट अन्तर्गतको अन्तिम खेलमा नेपालले संयुक्त अरब इमिरेट्स (युएई)लाई हराउँदै विश्वकपको यात्रा तय गरेको छ।

युएईको अजमानको इडन गार्डेन ओभल मैदानमा बिहीवार भएको खेलमा नेपालले युएईलाई सात रनले पराजित गर्दै आगामी वर्ष श्रीलङ्कामा आयोजना हुने विश्वकपको यात्रा तय गरेको हो। नेपाल सन् २०१६ पछि पहिलोपटक विश्वकपका लागि छनोट भएको हो। जीतका लागि नेपालले दिएको १९२ रनको लक्ष्य पछ्याएको युएई ४८ ओभरमा १८४ रनमा समेटियो। युएईका लागि इथन डिसुजाले ६६ बलमा पाँच चौकाको मदतमा सर्वाधिक ५० रनको योगदान दिए भने आर्यन सक्सेनाले ३४, आर्यन्स शर्माले ३२, अमर बदामीले १९, ध्रुव परासरले १७ तथा मारुफ मर्चेन्टले अविजित १२ रन बनाए।

नेपालका लागि दीपेश कँडेलले पाँच तथा सुवास भण्डारी र हेमन्त धामीले समान दुई/दुई विकेट लिए। त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले ४८ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै १९१ रनको योगफल तयार गरेको थियो। नेपालका लागि कप्तान देव खनालले सर्वाधिक ५१ रन जोडे। उनले ८४ बलमा तीन चौका र एक छक्काको मदतमा ५१ रन जोडे। यसैगरी, विशालविक्रम केसीले ३८, उत्तम थापा मगरले ३६, दीपेश कँडेलले १५, हेमन्त धामीले १३ तथा मिलन बोहराले १० रन बनाए।

युएईका लागि ध्रुव परासरले तीन, हरित सेट्टी र कप्तान आयन खानले समान दुई/दुई विकेट लिए। त्यस्तै, हर्षित सेठ र अमर बदामीले समान एक विकेट लिए। नेपालले छनोट चरणका पाँच खेलमा पाँचैवटामा जीत हासिल गरेको थियो। नेपालले पहिलो खेलमा सिङ्गापुरलाई ८६, दोस्रो खेलमा कुवेतलाई २४३, तेस्रो खेलमा हङकङलाई नौ विकेट र चौथो खेलमा मलेशियालाई १० विकेटले पराजित गरेको थियो।

## नेपाल युएईसँग पराजित

काठमाडौं, १८ फागुन/रासस

संयुक्त अरब इमिरेट्स (युएई)मा जारी आइसिसी विश्वकप क्रिकेट लिग–२ अन्तर्गतको त्रिकोणात्मक एक दिवसीय शृङ्खलामा नेपाल युएईसँग पराजित भएको छ।

दुबई अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियममा बिहीवार भएको खेलमा नेपाल युएईसँग ६८ रनले पराजित भएको हो। युएईले दिएको २०८ रनको लक्ष्य पछ्याएको नेपाल ३१ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै १३९ रनमा समेटियो। नेपालका लागि कुशल मल्लले सर्वाधिक ६० रनको योगदान दिए। त्यस्तै, सन्दीप लामिछाने २६ रनमा अविजित रहँदा आशिफ शेखले १७ रन जोडे। युएईका रोहन मुस्ताफा र कार्तिक मैयप्पनले समान तीन/तीन विकेट लिए भने जुनेद सिद्दिकीले दुई विकेट झारे। जाहोर खान र सबिर अलिले समान एक/एक विकेट लिए।

त्यसअघि पहिले ब्याटिङ गरेको युएईले निर्धारित ५० ओभरमा आठ विकेट गुमाएर २०७ रन बनाएको थियो। युएईका लागि ओपनर आशिफ खानले सर्वाधिक ७२ रनको योगदान दिएका थिए भने रोहन मुस्ताफले अविजित ५२ जोडेका थिए।

त्यस्तै, आर्यन लाक्राले २८ रन बनाए भने कप्तान सिपी रिजवानले २२ तथा वृत्य अरविन्दले १८ रन बनाए। नेपालका लागि सन्दीप लामिछानेले तीन विकेट लिए भने करण केसी, कुशल मल्ल र आरिफ शेखले समान एक/एक विकेट झारे। जीतसँगै युएई ३० खेलमा १४ मा जीत र १३ मा हारसहित ३१ अङ्कका साथ पाँचौं स्थानमा छ। पराजित नेपाल ३० खेलमा १३ मा जीत र १५ मा हारसहित २८ अङ्कका साथ अङ्कतालिकाको छैटौं स्थानमा छ।